# मध्यस्थता

Madhyasthata Weekly

साप्ताहिक


*'वडा विकासमा हातेमालो गरी अघि बढिरहेका छौँ ।'*



*मकवानपुरगढी गाउँपालिका वडा नं. ९ का वडाध्यक्ष आइतसिं लोसँग गरिएको कुराकानी*

*पृष्ठ ३ मा...*

वर्षः २७ अङ्कः २० २०८२ मंसिर २८ गते आइतबार (14th December, Sunday 2025) पृष्ठः ८ मूल्य रू. २०/- वेभसाईट: www.madhyasthata.com

# सडक विस्तारको भविष्य अदालतमा

मध्यस्थता

बागमती प्रदेशको राजधानी हेटौँडाको सडक विस्तारका क्रममा करिब पाँच सय घर भत्काइएको घटनापछि सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्दै सडक विस्तार कार्य हालका लागि स्थगित गरिएको छ । अदालतले स्पष्ट आदेश दिइसकेपछि पनि त्यसलाई बेवास्ता गर्दै गरिएको कारबाहीले स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म चर्को आलोचना खेपिरहेको बेला सडक डिभिजन कार्यालय हेटौँडाले औपचारिक रूपमा सडक सीमा संरक्षण तथा विस्तारसँग सम्बन्धित सम्पूर्ण काम रोकिएको जनाएको हो ।




सर्वोच्च अदालतले मंसिर १९ गते हेटौँडा उपमहानगरपालिकाभित्र पर्ने राष्ट्रिय लोकमार्गको सडक विस्तारसम्बन्धी सूचनालाई कार्यान्वयन नगर्न उत्प्रेषण आदेश जारी गरेको थियो। तर उक्त आदेश कार्यान्वयनमा आउनुअघि नै मंसिर २० गते बिहान सबेरै, झिसमिसे अवस्थादेखि नै सडक डिभिजन कार्यालयले राजमार्गको सीमा क्षेत्रमा पर्ने घरहरू भत्काउने अभियान सुरु गरेको थियो । अदालतको आदेशलाई बेवास्ता गरिएको भन्दै आलोचना भइरहेका बेला डिभिजन कार्यालयले भने मंसिर २१ गते दिउँसो अदालतको आदेश म्याद तामेल भएको उल्लेख गर्दै त्यसपछि आदेशको सम्मान स्वरूप सडक विस्तार कार्य स्थगित गरिएको दाबी गरेको छ ।

सडक डिभिजन कार्यालय हेटौँडाका प्रमुख गुरूप्रसाद अधिकारीका अनुसार हेटौँडा उपमहानगरभित्र लागू गर्न लागिएको 'राष्ट्रिय लोकमार्गहरूको सडक सीमा संरक्षण कार्यक्रम, २०८२' सर्वोच्च अदालतको आदेशका कारण हाललाई स्थगित गरिएको हो । उनका अनुसार अदालतबाट जारी उत्प्रेषण आदेश मिति २०८२/०८/१९ मा भएको र सो आदेश मिति २०८२/०८/२१ गते दिउँसो १२ बजेर ४६ मिनेटमा कार्यालयमा म्याद तामेल भएपछि तुरुन्तै सबै कार्य रोकिएको हो । अदालतको आदेशलाई पूर्ण सम्मान गर्दै सूचनामा उल्लेख गरिएका सम्पूर्ण गतिविधि हालका लागि स्थगन गरिएको उनले स्पष्ट पारे ।

डिभिजन कार्यालयले शनिबार मात्र एकै दिन करिब पाँच सय घर भत्काएको थियो । भत्काइएका घर हरूबाट सामान निकाल्नका लागि दुई दिनको समय दिइएको भए पनि अचानक भएको कारबाहीले धेरै परिवार विस्थापित अवस्थामा पुगेका छन् । कतिपय स्थानीयले अदालतको आदेश हुँदाहुँदै पनि घर भत्काइनु राज्य संयन्त्रको गैरजिम्मेवारीपूर्ण व्यवहार भएको आरोप लगाएका छन् भने मानवीय संवेदनशीलता नदेखाइएको भन्दै आक्रोश पोखिरहेका छन् ।

यस सडक विस्तार प्रकरणमा पूर्व प्रतिनिधिसभा सदस्यसमेत रहेकी हेटौँडाकी स्थानीय विन्दवासिनी कंसाकारले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकी थिइन् । उनले मंसिर १६ गते सडक डिभिजन कार्यालय हेटौँडाविरूद्ध अन्तरिम आदेशको माग गर्दै रिट दायर गरेकी थिइन् । सोही रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले मंसिर १९ गते सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगर्न तथा यथास्थितिमा राख्न आदेश दिएको थियो । अदालतले सडक डिभिजन कार्यालय हेटौँडाको नाममा जारी गरेको उक्त आदेशपछि नै कानुनी रूपमा सडक विस्तार रोक्नुपर्ने अवस्था सिर्जना भएको हो ।

यद्यपि आदेश जारी भएको भोलिपल्टै घर भत्काइएकाले अदालतको आदेशको अवहेलना भएको हो कि होइन भन्ने विषयमा पनि प्रश्न उठेको छ । यस घटनाले हेटौँडामा सडक विस्तारको नाममा भइरहेको काम, सरकारी संयन्त्रको समन्वय, तथा नागरिकको आवास अधिकारसम्बन्धी बहसलाई अझ चर्काएको छ । सडक विस्तार कार्य कहिले र कसरी अगाडि बढ्ने भन्ने विषय अब अदालतको अन्तिम निर्णयमा निर्भर रहने देखिएको छ ।

यसैबीच, सडक विस्तारका लागि भत्काइएका घरहरू पुनःर्निर्माण गरिदिन माग गर्दै पीडित घरधनी तथा व्यवसायीहरूले जिल्ला प्रशासन कार्यालय मकवानपुर घेराउ गरे । सडक विस्तारको नाममा आफ्ना घर, पसल र व्यवसाय एकाएक ध्वस्त पारिएको भन्दै पीडितहरूले प्रशासनसमक्ष कडा विरोध जनाए ।

हेटौँडा बजार क्षेत्रका करिब पाँच सय ३१ घर भत्काइएको र त्यस पछि अदालतको आदेश देखाउँदै सडक विस्तार कार्य स्थगित गरिएको अवस्थामा आफूहरू अन्यायमा परेको पीडितहरूको भनाइ छ । सर्वोच्च अदालतले मंसिर १९ गते सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगर्न आदेश दिइसकेको भए पनि उक्त आदेशलाई बेवास्ता गर्दै मंसिर २० गते बिहानै झिसमिसेदेखि डोजर चलाएर राजमार्गको सीमाभित्र परेका घरहरू भत्काइएको उनीहरूको आरोप छ । घरहरू भत्काइसकेपछि मात्रै अदालतको आदेश कार्यान्वयन गरिएको भन्दै पीडितहरूले प्रशासन कार्यालय घेराउ गर्दै भत्काइएका घर पुनः बनाइदिन वा उचित क्षतिपूर्ति उपलब्ध गराउन दबाब दिएका छन् ।

घेराउ कार्यक्रम अघि पीडित घरधनी र व्यवसायीहरूले हेटौँडा बजार क्षेत्रमा नारा जुलुस समेत निकालेका थिए । अदालतको आदेश आउँदै गर्दा पनि जबर्जस्ती घर भत्काइएको भन्दै उनीहरूले आक्रोश पोखेका थिए । नारा जुलुसका क्रममा डोजर आतंक बन्द गर, अदालतको आदेश पालना गर, पीडितलाई न्याय दे जस्ता नाराहरू लगाएका थिए । पीडितहरूले आफूहरूको जीविकोपार्जनको एकमात्र आधार रहेको घर र व्यवसाय एकैपटक खोसिएको भन्दै राज्य संयन्त्रप्रति गहिरो असन्तोष व्यक्त गरेका छन् ।

यसैबीच, जिल्ला प्रशासन कार्यालय मकवानपुर घेराउ गर्न पुगेका सडक विस्तारबाट प्रभावित स्थानीयहरूको प्रदर्शनका क्रममा समाचार संकलनमा खटिएका पत्रकारमाथि दुर्व्यवहारसमेत भएको छ । प्रशासनको मूल गेटबाहिर भत्काइएका घर बनाइदिनुपर्ने, मुआब्जा दिनुपर्ने, प्रमुख जिल्ला अधिकारीको राजीनामा माग, सर्वोच्च अदालतको आदेश पालना गर, डोजर आतंक बन्द गरजस्ता माग राख्दै प्रदर्शन गरिरहेका प्रभावित समूहले पत्रकारहरूमाथि धम्कीपूर्ण भाषा प्रयोग गर्दै भौतिक आक्रमणको प्रयास गरेको बताइएको छ ।

घटनास्थलमा उपस्थित पत्रकारका अनुसार प्रदर्शनको दृश्य खिचिरहेका पत्रकारहरूलाई प्रशासन कार्यालय अगाडिको सडक छेउमा रहेको माटोको ढिस्कोबाट तल ओर्लिन दबाब दिइएको थियो । नओर्लिए राम्रो नहुने भन्दै धम्कीपूर्ण भाषा प्रयोग गरिएको र आफूहरूको पक्षमा नबोलेको तथा समाचारमा स्थान नदिएको आरोप लगाउँदै केही प्रदर्शनकारीहरू आक्रामक बनेका थिए । पत्रकारहरूले आफूहरू पीडितकै विषय समेट्नका लागि त्यहाँ उपस्थित भएको स्पष्ट पार्दै सम्झाउन खोज्दा ठूलो भिड एकाएक पत्रकार हरूमाथि जाइलागेको थियो ।

प्रदर्शनकारी समूहले समाचार सम्प्रेषणमा अवरोध पुऱ्याउने उद्देश्यले क्यामेरा र अन्य उपकरणतर्फ हात बढाएको तथा अभद्र व्यवहार गरेको पत्रकारहरूको भनाइ छ । घटनास्थलमा तैनाथ प्रहरीहरूले पत्रकार समूहलाई सुरक्षा प्रदान गरेका थिए । प्रेस स्वतन्त्रता र समाचार माध्यमको भूमिकामाथि चुनौती दिने यस्ता घटनाप्रति गम्भीर ध्यान दिन पत्रकारहरूले सम्बन्धित निकायसँग माग गरेका छन् ।

उता, सडक विस्तारलाई

*बाँकी पृष्ठ ७ मा...*


## बिजुलीको सुरक्षित प्रयोग गरौं !

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी विजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

*सावधानी अपनाऔं, सुरक्षित रहौं ।*

नेपाल सरकार

विज्ञापन बोर्ड


## मध्यस्थता मत

## *दलको विकल्प दल*



नवीन सिग्देल

*नेपालको समकालीन राजनीतिमा पछिल्लो समय एउटा रोचक तर गहिरो बहस सतहमा आएको छ । त्यो बहस हो–नयाँ शक्ति, नयाँ दल र स्वतन्त्र राजनीति प्रतिको बढ्दो आकर्षण । विगतमा 'दलहरूले देश बिगारे', 'स्वतन्त्र सोच भएका व्यक्तिले मात्र देश बनाउँछने' भन्ने तर्क निकै लोकप्रिय बने । सामाजिक सञ्जालदेखि चोकचौतारासम्म स्वतन्त्र उम्मेदवारको चर्चा, दलविहीन राजनीतिको कल्पना र परम्परागत दलप्रतिको असन्तोष खुलेर व्यक्त गरियो । तर समयले यही बहस लाई बिस्तारै अर्को निष्कर्षतर्फ डोऱ्याउँदै लगेको देखिन्छ ।*

*स्वतन्त्रताको नाममा गरिएका धेरै प्रयासहरूले व्यवहारमा एउटा साझा यथार्थ उजागर गरेका छन्– दलको विकल्प अन्ततः दल नै हुने रहेछ । चुनाव जितेर संसद् प्रवेश गरेका स्वतन्त्र भनिएका प्रतिनिधिहरूले नीति, कार्यक्रम र संगठनको अभावमा आफूलाई टिकाइराख्न कठिनाइ भोगे । स्थानीय तहदेखि संघीय संसद्सम्म स्वतन्त्र रूपमा निर्वाचित केही पात्रहरू आज कुनै न कुनै दलको नजिक पुगेका छन्, कतिपय खुलेर दलमा समाहित भइसकेका छन् भने कतिपय नयाँ दल निर्माणको तयारीमा छन् । यसले स्वतन्त्र राजनीतिलाई असफल भन्न खोजिएको होइन, तर दीर्घकालीन राजनीतिक अभ्यासका लागि संगठित दल अपरिहार्य हुने तथ्यलाई भने बलियोसँग स्थापित गरेको छ ।*

*नयाँ दलप्रतिको आकर्षण पनि यही असन्तोषको उपज हो । पुराना दलप्रति आक्रोश बढेपछि नागरिकले नयाँ अनुहार, नयाँ नारासहितका दलहरूमा आशा देख्नु स्वाभाविक हो । तर नयाँ हुनु नै सक्षम हुनु हो भन्ने निष्कर्ष निकाल्नु जोखिमपूर्ण देखिएको छ । राजनीतिको अभ्यास केवल चुनाव जित्ने कला मात्र होइन, राज्य सञ्चालनको दीर्घ अनुभव, नीति निर्माणको क्षमता, संकट व्यवस्थापन र संस्थागत निरन्तरतासँग जोडिएको विषय हो । धेरै नयाँ दलहरूले राम्रो नियत देखाए पनि राजनीतिक अभ्यास नहुँदा निर्णय क्षमता, संगठन व्यवस्थापन र दीर्घकालीन दृष्टिकोणमा कमजोरी प्रकट भएको देखिन्छ ।*

*राजनीतिक दलको मूल्यांकन*

*बाँकी पृष्ठ ७ मा...*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक

२०८२ मंसिर २८ गते आइतबार
(14th Dec., Sunday 2025)

## सम्पादकीय

# तोड्नैपर्ने भ्रष्टाचारको जालो


*नेपालको राज्य सञ्चालन प्रणालीमा अनियमितता र भ्रष्टाचार सामान्य घटना जस्तै बनिसकेको यथार्थ अब अस्वीकार गर्न सकिने अवस्थामा छैन । राजस्व संकलन, विकास निर्माण, धरौटी व्यवस्थापन, वैदेशिक सहायता र सार्वजनिक खरिदका हरेक चरणमा अनियमितता मौलाइरहेको छ । यसमा राजनीतिक नेतृत्व, प्रशासनिक संयन्त्र र निजी क्षेत्रबीचको मिलीमतो निर्णायक कारक बनेको छ । अझ गम्भीर कुरा त के छ भने अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी पाएका नेतृत्व र निकायहरू स्वयं त्यही प्रक्रियामा संलग्न हुनु सवैधानिक, कानुनी र नैतिक तीनै दृष्टिले आपत्तिजनक छ । जब राज्यका जिम्मेवार संरक्षक नै नियम उल्लंघनमा रमाउँछन्, तब सुशासनको अवधारणा केवल भाषण र कागजमा सीमित हुन्छ । नागरिकले तिरेको कर र राज्यका स्रोतको दुरुपयोग हुँदा जनविश्वास कमजोर बन्दै जानु स्वाभाविक हो, जसले अन्ततः लोकतान्त्रिक व्यवस्थामाथि नै प्रश्न खडा गर्छ ।*

*महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले वर्षेनि बेरुजु र अनियमितता बढिरहेको तथ्य सार्वजनिक गरिरहे पनि त्यसमा संलग्न व्यक्तिहरूमाथि प्रभावकारी कारबाही नहुनु दण्डहीनताको स्पष्ट उदाहरण हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरूले संघ, प्रदेश र स्थानीय तीनै तहमा भ्रष्टाचार फैलिएको देखाउँछन्, तर उजुरी दर्ता हुनु र निष्कर्षमा पुग्नुबीच ठूलो अन्तर देखिन्छ । इतिहास हेर्दा पनि पृथ्वीनारायण शाहले लेखापरीक्षणको व्यवस्था गर्दै भ्रष्टाचार गर्नेहरूलाई राज्यका शत्रु भनेको चेतावनी आज पनि उत्तिकै सान्दर्भिक छ । तर राजतन्त्र देखि बहुदलीय व्यवस्था, विद्रोहपछिको शासन र गठबन्धन राजनीतिसम्म आइपुग्दा भ्रष्टाचार घट्नुको सट्टा झनै संस्थागत हुँदै गएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, नक्कली शरणार्थी, भिजिट भिसा र सार्वजनिक सम्पत्ति भाडा प्रकरणजस्ता घटनाहरूले भ्रष्टाचारको जालो कति गहिरो र संगठित छ भन्ने स्पष्ट देखाएका छन् ।*

*अब पनि विगतकै शैलीमा सानालाई कारबाही गर्ने र शक्तिशालीलाई उन्मुक्ति दिने प्रवृत्ति दोहोरियो भने भ्रष्टाचार विरुद्धको लडाइँ केवल औपचारिकता बन्नेछ । कार्यकारिणी, संसद्, न्यायपालिका र अख्तियारजस्ता सवैधानिक निकायहरूले आत्मसमीक्षा गर्दै निष्पक्ष, स्वतन्त्र र जवाफदेही ढंगले काम गर्नैपर्छ । पैसा लेनदेन मात्र होइन, गलत कार्यलाई संरक्षण गर्नु, अनुसन्धान प्रभावित पार्नु र अधिकारको दुरुपयोग गर्नु पनि भ्रष्टाचार नै हो भन्ने बुझाइ व्यवहारमा उतारिनुपर्छ । अनुसन्धान निकायलाई राजनीतिक दबाबबाट मुक्त राखी दक्षता र निष्ठाका आधारमा परिचालन गर्न सकियो भने मात्र जनआक्रोश र जनआन्दोलनले उठाएको अपेक्षा पूरा हुनेछ । भ्रष्टाचार नियन्त्रण अब कुनै विकल्प होइन, राज्यको विश्वसनीयता, लोकतन्त्रको मजबुती र नागरिकको भविष्यसँग प्रत्यक्ष जोडिएको अपरिहार्य आवश्यकता बनिसकेको छ ।*

# प्रधानमन्त्री–जेनजी सहमतिका घातक पक्ष र अबको विकल्प

## मध्यनजर



युवराज घिमिरे

इतिहासबाट नसिक्नेहरू अभिशप्त वर्तमान तथा भविष्य निर्माणमा खलनायक बन्न पुग्छन् । अरूको गल्ती र इतिहासबाट सही पाठ सिक्नेहरू आफ्नै र पछिल्लो पुस्तालाई विविध दुर्घटनाबाट बचाउन सक्छन् ।

पछिल्लो चरित्रले सबैलाई राजनेता नबनाउला तर त्यस्ता व्यक्ति समाज सुधारक र असल नागरिक बन्न सक्छन् । त्यस्ता व्यक्तिको अभाव र न्यूनताका कारण हाम्रो मुलुक र समाज अनियन्त्रित र अराजकताको भुमरीमा फस्दो छ । निर्वाचन प्रजातान्त्रिक प्रक्रियाको महत्वपूर्ण अंश हो तर प्रजातन्त्रको सबै विकृतिको अचुक र एक्लो औषधि त्यो हुन सक्दैन । जेनजी आन्दोलनले केपी ओली सरकारको पतन सुनिश्चित गर्‍यो र एउटा अप्रत्यासित सन्दर्भमा भ्रष्टाचार अनि दण्डहीनताको संस्कृतिको अन्तका आसपासका साथ फागुन २१ गते चुनाव सम्पन्न गर्ने अभिभाराका साथ जेनजी अनुमोदनमा सुशीला कार्कीलाई दिइयो प्रधानमन्त्रीका रूपमा ६ महिनाका लागि । अर्थात् ठूलो भारी बोक्न तयार भइन् उनी । उनले पाएको समय छोटो र कठिन भए पनि त्यो आत्मविश्वास र राष्ट्रप्रतिका दायित्वबाट प्रेरित कदम थियो या एउटा महत्वाकांक्षी रहर, भविष्यले र उनको भावी कदमहरूले देखाउनेछ ।

जेनजी आन्दोलनको परिवेशमा राजगद्दीमा फर्कन आएको निम्तो लाई राष्ट्रिय सहमति बनेमा सहर्ष स्वीकार गर्ने सन्देश दिएर ज्ञानेन्द्र शाहले हाललाई त्यसलाई थाँती राखे । त्यस्तै, नेपाली सेनासमक्ष सत्ता हातमा लिने या आन्दोलनकारी शक्तिको वर्चस्व स्थापित हुने गरी नागरिक सरकार गठनमा सहयोगी भूमिका खेल्ने विकल्प थिए । उसले बुद्धिमानीपूर्ण तरिकाले दोस्रो विकल्प रोज्यो ।

सरकारका तीन महिनाका निर्णय तथा गतिविधिबारे आमजनतामा फरक मत या धारणा बनेका छन् । कांग्रेस तथा एमाले र उनीहरूसँग आबद्ध अन्य समूहले संसद विघटन र कार्कीको प्रधानमन्त्री नियुक्तिलाई कानुनी रूपमा स्वीकार गरेका छैनन् । त्यो अस्वाभाविक हैन राजनीतिक रूपमा विभाजित समाजमा तर मंसिर २४ गते जेनजी उमेर समूहको एउटा सानो पक्षसँग १० बुँदे लिखित सहमति गरेर कार्कीले गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहालले ०६४ मंसिर मा जस्तै गल्ती गरेकी छन् ।

जेनजी विरोध प्रदर्शनलाई 'जन आन्दोलन' स्वीकार गरेर त्यो समूह बाट भएका हिंसाका घटनालाई 'क्षम्य' घोषणाले 'जेनजी आन्दोलन' जनताबाट हैन एउटा ६ महिने अन्तरिम सरकारको 'सर्टिफिकेट' को चुरीफुरीमा रमाउन चाहेको देखिएको छ ।

कोइराला–प्रचण्ड सहमतिले शान्ति प्रक्रियालाई दुई मित्रशक्तिबीचको समझदारीका रूपमा संकुचित बनाएको थियो । द्वन्द्वको एउटा पक्ष अर्थात् कांग्रेस, एमालेलगायत दलले माओवादी समक्ष आत्मसमर्पण गरेको सन्देश दियो त्यो सहमतिले भने द्वन्द्वको अर्को पक्ष राजसंस्था र परम्परावादी शक्तिलाई शान्ति, राजनीतिक र संविधानलेखन प्रक्रियाबाट निषेध गरेर लामो समयसम्मका लागि राजनीतिक बेथिति र अशान्ति सुनिश्चित गरायो मुलुकमा ।

हिजोको प्रधानमन्त्री–जेनजी सहमतिले भदौ २३–२४ आन्दोलन र भ्रष्टाचार विरूद्धको त्यो आन्दोलन चोइटिएको छ, खण्डित भएको छ । एउटा सानो समूहले समग्र एजेण्डा अपदस्त गरेको छ, अरूको बाटो छेकेर ।

१० बुँदे सहमतिमार्फत जनाइएको प्रतिबद्धता दुई साना समूहबीचको समझदारी हो । समग्र मुलुक या भावी सत्ता या शक्ति त्यसको अपनत्व लिन बाध्य हुने छैनन् । कार्की वर्तमान संविधानको नब्युँतिने लासमा टेकेर नै प्रधानमन्त्री बनेकी हुन् । निर्वाचन फागुन २१ मा भइहाले पनि त्यसले जन्माउने संसदलाई नयाँ संविधान निर्माण गर्ने जनादेश छैन ।

त्यो जनादेशका लागि राष्ट्रिय सहमति र समझदारीबाट मात्र आउन सक्छ । त्यस्तै एउटा सत्ता पल्टाएकै भरमा जेनजी आन्दोलनको एउटा समूहले प्रधानमन्त्रीको कमजोरीलाई प्रयोग गरी आफ्नो अर्थहीन हैसियत उकास्नुको साटो नयाँ संविधान निर्माण र त्यसको अन्तरवस्तु छनोटमा राष्ट्रको मौलिक आवश्यकताको पहिचान र सुनिश्चिततासँगै सबै पक्षलाई त्यो अभ्यासमा ल्याउने प्रयासमा जुट्नु धेरै बुद्धिमानी हुनेछ ।

०६२ को १२ बुँदेले मुलुकको आन्तरिक राजनीतिक स्वायत्तता खोजी विदेशीको पोल्टामा हालेको थियो । बाह्य हस्तक्षेपमै राजसंस्था समाप्त गरिएको तथ्यलाई समेत वर्तमान सत्ता र जेनजी समूह बुझ्न र त्यसलाई सम्बोधन गर्न चाहँदैन भने जेनजीको राजनीतिक सुझबुझबारे आशावादी बन्न सकिन्न । त्यसको अर्थ हो जेनजी राजनीतिबारे या त अनभिज्ञ छ, या बाहिरी शक्तिकै हालीमुहालीको निरन्तरता चाहन्छ नेपालमा ।

मुलुकको स्वतन्त्र हैसियत, समृद्धि र स्वाभिमानका लागि योभन्दा दुःखद के हुन सक्छ । वास्तवमा, यो चरण संविधानको विकल्प बारे सोच्ने अवसर हो । केपी ओलीले प्रधानमन्त्री पद गुमाए पनि विकल्प उनले आफ्नै गल्तीबाट मुलुकको स्थायित्वमा ठूलो योगदान पुर्‍याउने दायित्व र क्षमता बारे उनी सचेत रहनु आवश्यक छ । वास्तवमा यसबारे आत्म मन्थन गर्दा पूर्वराजा ज्ञानेन्द्र शाहलाई उदाहरण मान्न सक्छन् उनले ।

१९ वर्षसम्म मान, अपमानमा समभाव अनि राष्ट्रहितमा सतत सचेत रही उनले राजाभन्दा नागरिकको हैसियत सानो हुँदोरहेनछ भन्ने उदाहरण प्रस्तुत गरे ।

'म भागेको होइन, केही युवालाई खुसी बनाउन भागेजस्तो गरेको' भन्ने कथन होइन अभिमान र दम्भलाई तिलाञ्जलि दिएर, अनि जेनजी नरसंहारप्रति कारूणिक पश्चात्ताप गरेर उनी आफ्नो अनुभवको क्षमता बोकेर राष्ट्रलाई सही दिशा दिन सहायक भूमिकामा उत्रिए भने त्यो मुलुकका लागि सर्वाधिक ठूलो उपलब्धि सावित हुनेछ ।

कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नै नेताले लिनुपर्ने दायित्वबाट भागे पनि संकट र अनिश्चितताको यो घडीमा बिपी, गणेशमान र कृष्णप्रसाद भट्टराईले अंगीकार गरेको राष्ट्रिय मेलमिलापको नीतिलाई बोकेर राष्ट्रको स्वतन्त्र अस्तित्वका लागि संवैधानिक राजसंस्था र प्रजातान्त्रिक शक्ति बीचको सहकार्यका लागि बलियो जग हाल्न अग्रणी भूमिका खेल्न सक्थे ।

देउवा र ओलीको सहकार्य सत्ताका लागि होइन, राष्ट्रनिर्माण, स्वतन्त्र अस्तित्वको सुनिश्चितता र प्रजातन्त्रको सुदृढीकरणका लागि बढी वाञ्छनीय छ आजको सन्दर्भमा ।

सत्ताको सर्वोपरिता र प्रजातान्त्रको मूल्यमा सम्झौता उनको बाध्यता बनेको छ । बाबुराम भट्टराई हिजो जुन बाह्य शक्तिको गोटी बनेका थिए, आज ती व्यक्ति भारतीय संस्थाबाट बाहिरिए पनि तिनको आशीर्वाद खोज्न दिल्ली यात्रामा जान लागेका छन् उनी ।

वास्तवमा प्रधानमन्त्री र जेनजी बीचको १० बुँदेको भाषा र प्रस्तुति हेर्दा त्यसमा नेपाली स्वार्थ र हितको मसीको सुगन्ध आउँदैन । नेपालीलाई बाहिर राखेर नेपाली राजनीतिमा विदेशी मार्गदर्शकको हस्तक्षेप खोज्ने १२ बुँदे चरित्रले निरन्तरता पाएमा यो चुनावले दासत्वको अनुमोदन मात्र गर्नेछ । त्यसैले कार्की–जेनजीबीच हालैको सहमतिको समीक्षा आवश्यक बन्न पुगेको छ । तर, त्योभन्दा बढी महत्वपूर्ण भावी संविधानको एजेन्डाबारे व्यापक छलफल, स्पष्टता र समझदारी हो ।

विदेशी दबाबमा संविधानसभा पहिलो बैठकबाट असंवैधानिक तरिकाबाट अन्तको घोषणा गरिएको राजसंस्थालाई निर्वाचित संसदको पहिलो बैठकले राजगद्दीमा फर्काउने निर्णय गरी सम्भवतः दलहरूले भावी शान्ति र स्थायित्वको मार्ग प्रशस्त गर्न सक्ने छन् । जेन्जी आन्दोलनलगत्तै ज्ञानेन्द्र शाहले राष्ट्रिय सहमतिमा आधारितको एजेन्डा बनेमा आफू त्यसका लागि तयार रहेको सन्देश दिएर स्थायित्व र राष्ट्रको अस्तित्वमा आफू संलग्न रहने अठोटमा उनी कायम देखिन्छन् । दलहरूले के गर्छन्, त्यो आगामी दिनमा स्पष्ट हुनेछ । दलहरूले राजसंस्थालाई अभिभावकीय भूमिकामा ल्याएमा अन्तर्राष्ट्रिय जगतलाई यो कुरा स्विकार्य हुनेछ किनकि गणतन्त्रका कारण नेपालमा उनीहरूको उपस्थिति बढे पनि सम्मान र स्विकार्यता धेरै घटेको छ । सम्भवतः त्यही अनुपातमा नेपालको हैसियत गिरेको छ । नेपालको अस्थिरताका लागि उनीहरू कम जिम्मेवार छैनन् ।

ओली, देउवा र प्रचण्ड अनि उपेन्द्र यादव, महन्थ ठाकुर र राजेन्द्र महतोले यो कुरा बुझे भने २० वर्षयताका उनीहरूका सय खत वा पाप मोचन हुनेछ । र, राष्ट्रको स्थायित्व र आर्थिक समृद्धि सुनिश्चित हुनेछ । यो जेनजी मात्र होइन, विभिन्न उमेर समूहका लागि पनि ठूलो पाठ बन्नेछ ।

***देशसञ्चार***

# मध्यस्थता संवाद

## 'वडा विकासमा हातेमालो गरी अघि बढिरहेका छौँ ।'

*मकवानपुरगढी गाउँपालिका वडा नं. १ का वडाध्यक्ष आइतसिं लो स्थानीय तहमा परिचित, अनुभवी र जनमुखी जनप्रतिनिधिका रूपमा चिनिन्छन् । सामाजिक अभियान र विकासे कामबाट सार्वजनिक जीवनमा प्रवेश गरेका ल्हो दोस्रो पटक वडाध्यक्षको जिम्मेवारीमा छन् । नेपाली कांग्रेसबाट निर्वाचित उनले जनजाति बाहुल्य, कृषि प्रधान र ऐतिहासिक महत्व बोकेको आफ्नो वडाको समग्र विकासलाई प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । उनी नेतृत्वको वडाको वर्तमान अवस्था, विकासका सम्भावना, जनप्रतिनिधिका अनुभव, सुखदुःख र नागरिकका अपेक्षाबारे केन्द्रित रहेर हामीले छोटो कुराकानी गरेका छौँ ।*



**प्रश्नः तपाईं दोस्रो पटक मकवानपुरगढी-१ को वडाध्यक्षको जिम्मेवारीमा हुनुहुन्छ । यो यात्रालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

जवाफः दोस्रो पटक जनताले मलाई विश्वास गरेर जिम्मेवारी दिनु भनेको ठूलो सम्मानसँगै गह्रौं उत्तरदायित्व पनि हो । पहिलो कार्यकालमा धेरै कुरा सिक्ने अवसर पाइयो, प्रणाली बुझियो, कमजोरी र सम्भावनाहरू पहिचान भए । दोस्रो कार्यकालमा ती अनुभवलाई व्यवहारमा उतार्दै वडाको समग्र विकासलाई गति दिने लक्ष्यका साथ अघि बढेको छु । जनताको अपेक्षा बढेको छ, त्यसलाई सम्बोधन गर्न अझ बढी मेहनत गर्नुपर्छ भन्ने आत्मबोध छ ।

**प्रश्नः राजनीतिमा आउनुअघि तपाईं सामाजिक अभियन्ताका रूपमा सक्रिय हुनुहुन्थ्यो । त्यो अनुभवले आजको भूमिकामा कस्तो सहयोग गरिरहेको छ ?**

जवाफः सामाजिक संस्थामा काम गर्दा मैले नागरिकका दुःख, समस्या र सम्भावनालाई नजिकबाट बुझ्ने अवसर पाएँ । विकास भनेको केवल बजेट र योजनाको कुरा होइन, मान्छेको जीवनमा प्रत्यक्ष असर पार्ने प्रक्रिया हो भन्ने कुरा त्यहींबाट सिकेको हुँ । अहिले जनप्रतिनिधि भएर काम गर्दा पनि त्यही सामाजिक सोचले मार्गदर्शन गरिरहेको छ । नागरिकसँग संवाद, सहभागिता र सहकार्यलाई मैले सधैं प्राथमिकता दिएको छु ।

**प्रश्नः मकवानपुरगढी गाउँपालिकाको ऐतिहासिक र भौगोलिक पहिचानलाई तपाईं कसरी हेर्नुहुन्छ ?**

जवाफः मकवानपुरगढी केवल एउटा गाउँपालिका होइन, यो इतिहास बोकेको भूमि हो । मकवानपुर राज्यको राजधानीका रूपमा चिनिएको यो क्षेत्रबाटै जिल्लाको नामकरण भएको हो । चुरे र पहाडी विशेषता बोकेको भौगोलिक विविधता, उर्वर भूमि र मेहनती जनशक्ति यहाँको ठूलो पूँजी हो । हेटौंडासँग सिमाना जोडिएको अवस्थाले विकास र बजारको पहुँचमा पनि विशेष सम्भावना दिएको छ ।

**प्रश्नः वडा नम्बर १ को वर्तमान अवस्था र मुख्य प्राथमिकता के-के छन् ?**

जवाफः वडा नम्बर १ जनजाति बाहुल्य क्षेत्र हो । यहाँ कृषि नै मुख्य आधार हो । कोदो, जुनेलो जस्ता रैथाने बालीको संरक्षण र प्रवर्द्धनसँगै धान खेतीलाई पनि व्यवसायिक बनाउन प्रयास गरिरहेका छौँ । शिक्षा र स्वास्थ्य पूर्वाधार विस्तार, खानेपानी, सडक, सिंचाइ र कृषि उत्पादनलाई बजारसँग जोड्ने काम हाम्रो प्राथमिकतामा छन् ।

**प्रश्नः कृषि क्षेत्रमा मकवानपुरगढीले उल्लेखनीय प्रगति गरिरहेको चर्चा छ । यसलाई कसरी अघि बढाइँदैछ ?**

जवाफः 'शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार' भन्ने नारालाई व्यवहारमा उतार्दै कृषिलाई समृद्धिको आधार बनाइएको छ । वडामा उन्नत बीउ वितरण, कृषकलाई यान्त्रिक उपकरण सहयोग, तालिम र प्राविधिक सेवा उपलब्ध गराइँदै आएको छ । दुग्ध, तरकारी, लिची र केरा उत्पादनमा पालिका आत्मनिर्भर बन्दै गएको छ, निर्यातको सम्भावनासमेत देखिएको छ । कृषकलाई व्यवसायिक बनाउनु नै हाम्रो लक्ष्य हो ।

**प्रश्नः शिक्षा र स्वास्थ्य क्षेत्रमा के कस्ता सुधार देख्न सकिन्छ ?**

जवाफः शिक्षा र स्वास्थ्य नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएका विषय हुन् । विद्यालयको भौतिक संरचना सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यार्थी टिकाइमा ध्यान दिइएको छ । स्वास्थ्यतर्फ आधारभूत सेवा सहज बनाउने, स्वास्थ्य चौकी सुदृढीकरण र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइएको छ । क्रमशः सुधार देखिन थालेको छ, तर अझै धेरै गर्न बाँकी छ ।

**प्रश्नः जनप्रतिनिधिका रूपमा तपाईंले भोग्ने सुख र दुःख के-के हुन् ?**

जवाफः नागरिकको समस्या समाधान हुँदा, सडक बन्दै जाँदा, खानेपानी धारा खुल्दा वा कसैको जीवनमा सकारात्मक परिवर्तन आउँदा जुन सन्तुष्टि मिल्छ, त्यो नै सबैभन्दा ठूलो सुख हो । तर सीमित स्रोत, बढ्दो अपेक्षा र सबैलाई सन्तुष्ट पार्न नसक्दा पीडा पनि हुन्छ । कहिलेकाहीँ राजनीति र प्रशासनिक प्रक्रियाका जटिलताले काम ढिलो हुँदा आलोचना सहनुपर्छ । त्यसलाई धैर्य र इमानदारीले सामना गरिरहेको छु ।

**प्रश्नः तपाईं नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि हुनुहुन्छ । दल र स्थानीय विकासबीचको सन्तुलन कसरी मिलाउनुहुन्छ ?**

जवाफः म नेपाली कांग्रेसको विचारधारामा विश्वास गर्छु, तर वडाध्यक्षको हैसियतले मेरो पहिलो दायित्व सम्पूर्ण नागरिकप्रति हो । विकासमा दलगत विभाजन हुँदैन । सबै समुदाय, वर्ग र राजनीतिक आस्थाका नागरिकलाई समान रूपमा सेवा दिनुपर्छ भन्ने मान्यतामा म दृढ छु । सहकार्य र समन्वयमै विकास सम्भव हुन्छ ।

**प्रश्नः आगामी दिनमा वडा नम्बर १ लाई कस्तो बनाउने सपना छ ?**

जवाफः मेरो सपना वडा नम्बर १ लाई आत्मनिर्भर, समावेशी र सम्भावनायुक्त बनाउने हो । कृषि, पर्यटन र स्थानीय सीपलाई जोडेर रोजगारी सिर्जना गर्न चाहन्छु । युवालाई गाउँमै अवसर देखाउने, शिक्षा र स्वास्थ्यमा गुणस्तर सुनिश्चित गर्ने र आधारभूत पूर्वाधारलाई दिगो बनाउने लक्ष्य छ । यो एक्लैले सम्भव हुँदैन, नागरिकको साथ र विश्वास नै सबैभन्दा ठूलो शक्ति हो ।

**प्रश्नः अन्त्यमा वडाबासीलाई के भन्न चाहनुहुन्छ ?**

जवाफः विकास केवल जनप्रतिनिधिले मात्र गर्ने काम होइन । नागरिकको सहभागिता, सुझाव र निगरानीले नै विकासलाई सही दिशामा लैजान्छ । म वडाबासीसँग हातेमालो गरेर अघि बढ्न चाहन्छु । कमजोरी देखिए सच्याउन तयार छु, सकारात्मक सुझाव सधैं स्वागतयोग्य छन् । सबै मिलेर मकवानपुरगढी-१ लाई उदाहरणीय वडा बनाऔं भन्ने नै मेरो सन्देश हो ।

# उदाहरण

## ऐतिहासिक सम्पदाले भरिपूर्ण ढुंङ्गेगढी



मकवानपुरगढी गाउँपालिकाको पहाडी भूभागमा अवस्थित ढुङ्गेगढी प्राकृतिक सौन्दर्य, ऐतिहासिक कथन र सांस्कृतिक महत्वले भरिएको एक उदाहरणीय पर्यटकीय गन्तव्यका रूपमा उभिएको छ । समुद्री सतहबाट करिब १२९९ मिटर उचाइमा फैलिएको यो स्थान हाल मकवानपुरगढी गाउँपालिका वडा नं. २ मा पर्दछ । २७ डिग्री २५ मिनेट १२ सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री १० मिनेट ७ सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको ढुङ्गेगढीको कुल क्षेत्रफल एक लाख सात हजार दुई सय आठ वर्ग मिटर रहेको छ । चारैतिर विशाल ढुङ्गाका चट्टानले बनेको पहाड, ढुङ्गेमाथि नै बसोबास गरिएको बस्ती र त्यही विशेषताका कारण यस स्थानलाई ढुङ्गेगढी नाम दिइएको जनश्रुति आज पनि स्थानीयमा जीवित छ ।

ढुङ्गेगढीको पहिचान केवल भौगोलिक बनावटमा सीमित छैन । यहाँ निर्माण गरिएको कालिका माइको मन्दिर र शिव मन्दिरले यस स्थान लाई धार्मिक आस्थाको केन्द्र बनाएको छ । प्राचीनकालदेखि नै मानिसहरूको बसोबास रहेको यो क्षेत्रमा उत्तरतर्फ अवस्थित कुवाबाट अहिले पनि स्थानीयले पानी प्रयोग गर्दै आएका छन्, जसले यहाँको ऐतिहासिक निरन्तरता र जीवनशैलीको प्रमाण दिन्छ । सेनकालीन इतिहाससँग जोडिएको कथनअनुसार ढुङ्गेगढी सेन राज्य कालमै विकसित भएको मानिन्छ । सोही समयसँग जोडेर रानी रजस्वला हुँदा बस्ने स्थानका रूपमा चिनिने रानी खोपी आज पनि ढुङेगेगढीमा देख्न सकिन्छ, जसले इतिहासलाई मूर्त रूपमा प्रस्तुत गरेको अनुभूति दिन्छ ।

ढुङ्गेगढी मुलगढीबाट करिब चार किलोमिटर उत्तरपूर्वमा र जिल्ला सदरमुकाम हेटौंडाबाट करिब उन्नाइस किलोमिटर पूर्व-उत्तरमा अवस्थित छ । कान्तिराजपथसँगै जोडिन सक्ने अवस्थाले यसको पहुँचलाई थप सहज बनाएको छ । यहाँको पहाड पूरै ढुङ्गाको चट्टानबाट निर्मित भएकाले टाढाबाट हेर्दा नै यो स्थान फरक र आकर्षक देखिन्छ । ढुङ्गेगढी समुद्री सतहबाट करिब १३०० मिटर उचाइमा रहेकाले यहाँको हावापानी वर्षभरि नै चिसो र शीतल रहन्छ । हेटौंडा, तराई र भित्री मधेशको चर्को गर्मीबाट हैरान भएका मानिसहरूका लागि ढुङ्गेगढी स्वर्गीय शान्ति र आनन्दको अनुभूति दिने गन्तव्य बनेको छ ।

ढुङ्गेगढीको सबैभन्दा ठूलो आकर्षण यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्य हो । बिहान उदाउँदै गरेको सूर्य र साँझ अस्ताउँदै गरेको सूर्यले आकाशमा रङ्गीन छटा छर्दा जो-कोही पनि मोहित हुन्छ । मौसम सफा भएको दिनमा यहाँबाट भारतीय भूमिको बिहार क्षेत्रसम्म अवलोकन गर्न सकिने बताइन्छ। वसन्त ऋतुमा बाँस र गुराँस फुल्दा वरिपरि पहाड र जंगल रङ्गीचङ्गी बनेर ढुङ्गे गढीलाई झनै मनमोहक बनाउँछ । विशाल ढुंगा दुरदराजसम्म पुगेको भन्ने किम्वदन्तीले यस स्थानलाई रहस्यमय र कौतूहलपूर्ण बनाएको छ ।

पर्यटनको दृष्टिले ढुङ्गेगढीमा अपार सम्भावना रहेको देखिन्छ । यहाँबाट मनोरम दृश्यावलोकन मात्र होइन, साहसिक पर्यटनका गतिविधि सञ्चालन गर्न पनि उपयुक्त वातावरण छ । प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन भइसकेको र यसले मूर्त रूप लिन सके ढुङ्गेगढी देशकै महत्वपूर्ण साहसिक पर्यटन गन्तव्य बन्ने विश्वास गरिएको छ । यही सम्भावनालाई मध्यनजर गर्दै प्रस्तावित पार्कको नाम 'ढुङ्गेगढी आनन्द पार्क' राखिएको छ, जसले यहाँ आउने पर्यटकलाई शारीरिक र मानसिक दुवै आनन्द दिने कल्पना गरिएको छ ।

ढुङ्गेगढी धार्मिक, ऐतिहासिक, सांस्कृतिक र सामरिक दृष्टिले महत्वपूर्ण हुनुका साथै हेटौंडा र तराईका अन्य जिल्लाबाट नजिक रहेको कारण पर्यटक तान्न सक्ने बलियो आधार बोकेको छ । देश तथा विदेशबाट पर्यटक भित्रिन सके गाउँपालिका, आसपासका समुदाय र पर्यटन व्यवसायीलाई उल्लेख्य आर्थिक लाभ हुने प्रचुर सम्भावना देखिन्छ । यही उद्देश्यका साथ मकवानपुरगढी गाउँपालिकाको कार्यालयले ढुङ्गेगढीको विकासका लागि परियोजना निर्माण गरी काम अघि बढाइरहेको छ । प्राकृतिक सौन्दर्य, ऐतिहासिक कथा र सांस्कृतिक आस्थालाई एउटै सूत्रमा बाँधेको ढुङ्गेगढी सही संरक्षण र प्रवर्द्धन गर्न सकिए मकवानपुरगढीको पहिचान मात्र होइन, समग्र बागमती प्रदेशकै गर्विलो पर्यटकीय सम्भावना भएको उदाहरणीय गन्तव्यका रूपमा स्थापित हुनेछ ।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
२०८२ मंसिर २८ गते आइतबार
(14th Dec., Sunday 2025)

## कृषि

# चिराइतो खेती



चिराइतो नेपालमा पाइने महत्वपूर्ण जडीबुटीमध्ये एक हो, जुन मुख्यतया उच्च पहाडी भेगमा स्वाभाविक रुपमा उम्रने गर्छ । यो बिरूवा नेपालको हिमाली कछाड क्षेत्रतिर समुद्री सतहबाट करिब एक हजार दुई सय मिटरदेखि तीन हजार मिटर उचाइ सम्म अलि चिसो, खुला चौर र पारिलो ठाउँमा पाइन्छ । चिराइतोको जरा धेरै गहिरो नजाने र माटोको सतहमै फैलिने खालको हुने भएकाले यसलाई सजिलै उखेल्न सकिन्छ । यसको बिरूवा सामान्यतया एक मिटरदेखि एक दशमलव पाँच मिटरसम्म अग्लो हुन्छ। डाँठको फेद गोलो र माथितिर चारकुने आकारको हुन्छ भने हरेक आँख्लाको दुवैतिर पात र हाँगा पलाएका हुन्छन्। पात एकदेखि एघार सेन्टिमिटरसम्म लामो र शून्य दशमलव पाँचदेखि तीन सेन्टिमिटर चौडा हुन्छ, भालाकृत आकारका पातको टुप्पो तीखो हुन्छ। पात र डाँठ दुवै चिल्ला हुन्छन्, रौं नहुने र कतिपय पातहरु फेदैबाट पलाएका देखिन्छन् ।

चिराइतोमा फूल हरेक आँख्लामा पात र काण्डको कक्षबाट एउटै झुप्पामा निस्कन्छन् । फूलको रङ्ग पहेंलो वा हरियो हुन्छ र एउटै फूलमा भाले तथा पोथी दुवै योनी पाइन्छन्। साधारण फूलझैं यसको पत्रदल पाँचवटा हुन्छन् भने तल्लो भागमा स–साना मसिना रौंले ढाकिएका दुईवटा ग्रन्थिहरु पाइन्छन् । यसको बिउ कोसाभित्र लाग्छ, कोसा अण्डाकार हुन्छ र त्यस भित्र धेरै कोण भएका मसिना बिउहरु हुन्छन् । बिउ अत्यन्तै सानो हुने भएकाले हावाले उडाउन सक्ने खालको हुन्छ । स्वाद भने अत्यन्तै तीतो हुन्छ, यही तीतोपन नै यसको औषधीय पहिचानको आधार हो ।


परापूर्वकालदेखि व्यवहारिक प्रयोगमा आधारित आयुर्वेद विज्ञानले चिराइतो लाई बहुउपयोगी जडीबुटीका रुपमा स्वीकार गरेको छ। ज्वरो, रूघाखोकी, घाउखटिरा, खानाको स्वाद नआउने, रूचि नबढ्ने जस्ता समस्यामा आयुर्वेदिक चिकित्सकहरुले चिराइतोको प्रयोग गर्न सुझाव दिने गरेका छन्। यसले शरीरलाई तागत दिने, पेट सम्बन्धी समस्या समाधान गर्ने, गर्भवती महिलामा पिसाव थैली दुख्ने समस्या कम गर्ने, जोर्नी दुखाइ घटाउने, छाला रोगमा लाभ पुऱ्याउने, आँखा पोल्ने समस्या कम गर्ने र दृष्टि बढाउने काममा उपयोगी मानिन्छ। चिराइतोको वैज्ञानिक नाम स्वेर्तिया चिराईता हो । नेपालमा यसलाई चिराइतो, तिते, चरैतो, चिरैता, तिक्ता आदि नामले चिनिन्छ भने संस्कृत भाषामा चिरतिक्त वा किराततिक्त भनिन्छ । त्यसैले सुश्रुत संहिता र चरक संहितामा पनि यसको नाम चिरतिक्तका रुपमा उल्लेख गरिएको पाइन्छ ।

चिराइतोमा पाइने मुख्य तत्व चिरेटिन हो, जसका कारण यसको औषधीय महत्व उच्च छ । यसको सम्पूर्ण भाग औषधीय हिसाबले उपयोगी मानिन्छ । स्थानीय रुपमा मलेरिया ज्वरो आउँदा चिराइतो पानीमा भिजाएर त्यसको रस बिरामीलाई पिउन दिने चलन छ । यसमा औलिएनोलिक अम्ल र स्वर्सिया मेरिन नामक तत्व पनि पाइन्छ, जसले कपाल लामो बनाउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ । प्राणघातक रोग क्यान्सरका बिरामीका लागि प्रयोग हुने औषधि र औलो ज्वरोको उपचारमा समेत चिराइतोको प्रयोग हुने गरेको छ। पछिल्लो समय केही बियर कम्पनीहरुले समेत औषधीय गुणायुक्त पेय पदार्थ बनाउन चिराइतोको प्रयोग गर्न थालेका छन्।

चिराइतोको व्यवसायिक खेती गर्न चाहने कृषकले सबैभन्दा पहिले नर्सरी तयार गर्नुपर्छ। नर्सरीका लागि पारिलो घाम लाग्ने, आंशिक छायाँ पर्ने, दक्षिण फर्किएको, मलिलो माटो भएको जग्गा उपयुक्त मानिन्छ। साथै पानीको सुविधा भएको र कृषकले नियमित रुपमा रेखदेख गर्न सक्ने स्थान हुनुपर्छ। नेपालका करिब चालीसवटा पहाडी जिल्लाका पूर्व र पश्चिम फर्किएका स्थानहरुमा चिराइतो सफलतापूर्वक खेती गर्न सकिने सम्भावना रहेको छ। नर्सरीमा बिउ छर्दा बिउ सानो र हलुका हुने भएकाले एक भाग बिउमा दश भाग बालुवा मिसाएर छर्नुपर्छ। बिउ चारदेखि पाँच इन्चको दूरीमा लाइन बनाएर छर्दा राम्रो अंकुरण हुन्छ। यसरी छरेको बिउबाट बीस देखि पच्चीस दिनमा बेर्ना उम्रन थाल्छ र करिब नब्बे दिनमा राम्रोसँग अंकुरण हुन्छ । बिउ छर्ने उपयुक्त समय कात्तिक र मंसिर महिना मानिन्छ। यसरी वैज्ञानिक विधि, सही स्थान छनोट र नियमित हेरचाह गर्न सके चिराइतो खेती कृषकका लागि आम्दानीको राम्रो स्रोत बन्न सक्छ।

## प्रविधि

# च्याटजीपीटीको बदलिँदो प्रयोग




ओपनएआई र हार्भर्ड विश्व विद्यालयका अर्थशास्त्री डेभिड डेमिङले संयुक्त रूपमा गरेको अध्ययनले आर्टिफिसियल इन्टेलिजेन्स च्याटबोट च्याटजीपीटीको प्रयोग शैलीमा आएको महत्वपूर्ण परिवर्तनलाई स्पष्ट रूपमा देखाएको छ। सुरूमा कार्यालय, व्यवसाय र प्रविधिमैत्री कामका लागि केन्द्रित मानिएको च्याट जीपीटी अहिले आएर व्यक्तिगत आवश्यकता, दैनिक जीवनका समस्या समाधान र सामान्य जानकारी प्राप्त गर्ने माध्यमका रूपमा झन् लोकप्रिय बन्दै गएको अध्ययनको निष्कर्ष छ। अध्ययनअनुसार गैर व्यावसायिक वा व्यक्तिगत प्रयोजनका लागि च्याटजीपीटीको प्रयोग पहिले करिब त्रिपन्न प्रतिशत रहेकोमा अहिले सत्तरी प्रतिशतभन्दा बढी पुगेको छ, जसले यस प्रविधि आम मानिसको दैनिकीसँग गहिरो रूपमा जोडिन थालेको संकेत गर्छ ।

मानिसहरूले च्याटजीपीटीलाई मुख्यतया सूचना र जानकारी खोज्न, जटिल विषयलाई सरल भाषामा बुझ्न, व्यावहारिक सल्लाह लिन, अध्ययन सामग्री तयार गर्न, यात्रा योजना बनाउन, स्वास्थ्य र जीवनशैलीसम्बन्धी सामान्य जानकारी लिन तथा दैनिक कामको व्यवस्थापन गर्न प्रयोग गरिरहेका छन् । कार्यस्थलसँग सम्बन्धित प्रयोगमा भने लेखन कार्य सबैभन्दा अगाडि देखिएको छ। प्रतिवेदन तयार गर्ने, इमेल लेख्ने, भाषण र सामग्री विकास गर्ने जस्ता काममा च्याटजीपीटीको प्रयोग बढ्दो छ, जसले परम्परागत खोज इन्जिनभन्दा फरक र सिर्जनात्मक क्षमतायुक्त उपकरणको रूपमा यसको पहिचान स्थापित गरेको छ। यद्यपि, कम्प्युटर प्रोग्रामिङमा यसको प्रयोग अपेक्षाकृत कम देखिएको छ, जसको कारण प्राविधिक काममा अझै पनि मानव विशेषज्ञता र प्रत्यक्ष परीक्षणको आवश्यकता रहनु हो भन्ने विश्लेषण गरिएको छ ।

यस अध्ययनले च्याटजीपीटी प्रयोगकर्ताबीच लैंगिक अन्तर घट्दै गएको तथ्य पनि उजागर गरेको छ। सन् दुई हजार चौबीसको जनवरीमा महिला प्रयोगकर्ताको संख्या सैंतीस प्रतिशत रहेकोमा जुलाईसम्म आइपुग्दा यो बढेर बाउन्न प्रतिशत पुगेको छ । यसले डिजिटल प्रविधिमा महिलाको पहुँच र सहभागिता बढ्दै गएको संकेत दिन्छ । अनुसन्धानकर्ताहरूका अनुसार च्याटजीपीटीले निर्णय प्रक्रियामा सहयोग पुऱ्याएर समय र लागत बचत गराउँदै आर्थिक मूल्य सिर्जना गरि रहेको छ, विशेषगरी ज्ञानमा आधारित पेसा, शिक्षा, सञ्चार, सेवा र सृजनात्मक क्षेत्रमा यसको भूमिका उल्लेखनीय बन्दै गएको छ। साथै, न्यून र मध्यम आय भएका देशहरूमा यसको लोकप्रियता तीव्र रूपमा बढिर हेको छ । सन् दुई हजार चौबीसको मेसम्मको तथ्यांकअनुसार सबैभन्दा कम आय भएका देशहरूमा च्याटजीपीटी अपनाउने दर धनी देशहरूको तुलनामा चार गुणासम्म बढी देखिएको छ, जसले प्रविधिले ज्ञानको पहुँचमा रहेको दूरी घटाउँदै लैजाने सम्भावना देखाएको छ ।

च्याटजीपीटी केवल प्रश्नको उत्तर दिने साधन मात्र नभई सिकाइको सहायक, सिर्जनात्मक सहयोगी र सोच विकास गर्ने उपकरणका रूपमा स्थापित हुँदै गएको छ। यसलाई प्रभावकारी रूपमा प्रयोग गर्न सही प्रश्न सोध्ने सीप, प्राप्त जानकारीको आलोचनात्मक मूल्यांकन र नैतिक प्रयोगको चेतना आवश्यक हुन्छ । सही प्रयोग गर्न सके च्याटजीपीटीले विद्यार्थी, शिक्षक, उद्यमी, कर्मचारी र सर्वसाधारण सबैका लागि ज्ञान, समय र अवसरको नयाँ ढोका खोल्ने विश्वास गर्न सकिन्छ ।

## शैली

# कसरी हटाउने झुट बोल्ने बानी ?



ढाँट्ने बानी धेरैका लागि सामान्य जस्तो लागे पनि यसले व्यक्ति स्वयं र उसको सामाजिक सम्बन्धमा गहिरो असर पार्छ। सुरूमा सानो झुट सहज उपायजस्तो देखिए पनि समयसँगै यही बानी आदतमा बदलिँदै जान्छ र मानिस लाई हैरानीमा पार्छ । झुट बोल्ने बानी एक किसिमको मनोवैज्ञानिक अचम्मलजस्तै हो, जसलाई छोड्न सजिलो हुँदैन तर असम्भव पनि होइन । आत्मचेतना, निरन्तर अभ्यास र दृढ इच्छाशक्तिका साथ अघि बढेमा यो बानी क्रमशः हटाउन सकिन्छ ।

कुनै पनि खराब बानी सुधार्नुअघि त्यसको मूल कारण पहिचान गर्नु अत्यन्त आवश्यक हुन्छ। आफू किन र कुन परिस्थितिमा झुट बोल्छु भन्ने बारे गहिरिएर सोच्नुपर्छ। कतिपयले समस्याबाट बच्न, सजायँबाट उम्किन, अरुको ध्यान खिच्न, आफूलाई राम्रो देखाउन वा केवल रमाइलोका लागि पनि झुट बोल्ने गर्छन्। यस्ता कारण हरु स्पष्ट भएपछि समाधानको बाटो पनि खुल्छ । कारण नबुझी केवल झुट नबोल्ने प्रयास गर्नु अस्थायी हुन्छ, किनकि उही परिस्थिति आएपछि पुरानै बानी दोहोरिन सक्छ ।

झुट किन छोड्नुपर्छ भन्नेबारे आफैँ सँग इमान्दार भएर प्रश्न गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। बारम्बार झुट बोल्दा व्यक्तिको बोलीको विश्वसनीयता घट्छ र समाजमा उसको छवि कमजोर बन्छ। मानिसहरुले भनाइलाई गम्भीरतापूर्वक लिन छाड्छन् र सम्बन्धमा अविश्वास बढ्छ। झुटले काम, परिवार र मित्रतामा समस्या सिर्जना गर्न सक्छ भन्ने कुरा मनन गर्नुपर्छ। यसले मानसिक तनाव पनि बढाउँछ, किनकि एउटा झुट लुकाउन अर्को झुट बोल्नुपर्ने अवस्था आउँछ र अन्ततः व्यक्ति आफ्नै कथामा अल्झिन्छ। ढाँट्ने बानीलाई चुरोट, रक्सी वा अन्य नशाजस्तै अम्मलको रुपमा स्वीकार गर्नु परिवर्तनको महत्वपूर्ण चरण हो। आफूमा यस्तो बानी छ भनेर स्वीकार नगरी सुधार सम्भव हुँदैन । अब जसरी पनि यो बानी छोड्छु भन्ने दृढ संकल्प गर्नु आवश्यक हुन्छ। संकल्पले आत्मनियन्त्रण बलियो बनाउँछ र कठिन क्षणमा पनि सही निर्णय लिन सहयोग पुऱ्याउँछ। सुरूमा साना कुराबाटै सत्य बोल्ने अभ्यास गर्नुपर्छ र गल्ती भए स्वीकार्ने साहस विकास गर्नुपर्छ। दैनिक जीवनमा बोल्दा सचेत र चनाखो रहनु अत्यन्त जरूरी हुन्छ। बोल्दै गर्दा झुट निस्कन लाग्यो कि भनेर आफूलाई नियाल्नुपर्छ। झुट बोल्न लागेको थाहा पाउने बित्तिकै केही सेकेन्ड रोकिने, गहिरो सास लिने र शब्द सोचेर मात्र बोल्ने बानी बसाल्नुपर्छ । आवश्यक परे 'मलाई अहिले भन्न गाह्रो छ' वा 'पछि स्पष्ट गर्छु' भन्नु झुट बोल्नुभन्दा धेरै राम्रो विकल्प हो । समयसँगै यसले आत्मविश्वास बढाउँछ र सत्य बोल्ने स्वभाव विकास हुन्छ ।

यसका साथै, सत्य बोल्दा हुने फाइदालाई पनि व्यवहारमै अनुभव गर्न थाल्नुपर्छ । सत्यले सम्बन्धलाई बलियो बनाउँछ, मन हलुका बनाउँछ र आत्मसम्मान बढाउँछ । आफूलाई सत्यवादी व्यक्तिसँग तुलना गर्दै प्रेरणा लिन सकिन्छ। यदि झुट बोल्ने बानी अत्यधिक गहिरो छ भने मनोपरामर्श दाताको सहयोग लिनु पनि उपयोगी हुन सक्छ । निरन्तर अभ्यास, आत्मअनुशासन र इमान्दारिताको चाहनाले झुट बोल्ने बानी बिस्तारै घट्दै जान्छ र अन्ततः सत्य बोल्नु स्वभाविक बन्छ।

## स्वास्थ्य

# महिनावारीमा सख्खर चियाको फाइदा



उखुबाट बनाइने सख्खर अर्थात् गुड शताब्दीयौंदेखि नेपाली समाजमा परम्परागत रुपमा प्रयोग हुँदै आएको प्राकृतिक मिठास हो । चिनीको तुलनामा कम प्रशोधित र पोषक तत्वले भरिपूर्ण भएकाले सख्खरलाई स्वास्थ्यका दृष्टिले लाभदायक मानिन्छ। बालबालिकादेखि वृद्धवृद्धा सम्म सबैका लागि उपयोगी मानिने सख्खर विशेषगरी महिलाको स्वास्थ्य सँग प्रत्यक्ष रुपमा जोडिएको छ । महिनावारीको समयमा देखिने विभिन्न शारीरिक र मानसिक समस्यामा सख्खरको चिया सरल, सुलभ र प्रभावकारी घरेलु उपायका रुपमा प्रयोग हुँदै आएको छ ।

महिनावारी नियमित हुनु र रगतको प्रवाह सन्तुलित रहनु महिलाको समग्र स्वास्थ्यका लागि अत्यन्त आवश्यक हुन्छ । सख्खरको सेवनले शरीर भित्रको रक्तसञ्चारलाई सक्रिय बनाउने भएकाले महिनावारी समयमै आउन सहयोग पुग्छ। महिनावारीको समयमा धेरै महिलाले पेट दुख्ने, ढाड दुख्ने, जाँघ र कम्मर भारी हुने, थकान र चिडचिडापन महसुस गर्ने गर्छन्। यस्तो अवस्थामा सख्खरको चिया पिउँदा शरीरलाई न्यानो प्रदान गर्नुका साथै दुखाइ कम गर्न मद्दत पुग्छ । सखखरमा सोडियम, पोटासियम, प्रोटिन, क्याल्सियम, आइरन र जिंकजस्ता महत्वपूर्ण खनिज तत्व पाइने भएकाले यसले शरीरलाई आवश्यक शक्ति दिन्छ। महिलामा देखिने हर्मोनल असन्तुलन आजको जीवनशैलीसँग जोडिएको एक सामान्य समस्या बन्दै गएको छ । यही असन्तुलनका कारण महिनावारी अनियमित हुने, धेरै दुख्ने, पिसिओडी र पिसिओएसजस्ता समस्या देखिन सक्छन् । सख्खरको चियाले शरीर भित्रको हर्मोन सन्तुलन कायम राख्न सहयोग पुऱ्याउने विश्वास गरिन्छ । यसले थाइराइडसम्बन्धी सामान्य समस्यामा समेत केही हदसम्म राहत दिन सक्छ । साथै, सख्खरमा रहेको आइरन तत्वले र गतको कमी हुन नदिई हेमोग्लोबिनको मात्रा बढाउन मद्दत गर्छ, जसका कारण महिनावारीको समयमा हुने अत्यधिक कमजोरी र चक्कर आउने समस्या कम हुन सक्छ ।

महिनावारीको बेला पाचन प्रणाली पनि कमजोर बन्ने गर्छ। पेट दुख्ने, ग्यास, अपच, कब्जियत र एसिडिटीजस्ता समस्या धेरै महिलाले भोग्ने गरेका छन्। सख्खरको चियाले पाचन प्रक्रिया सक्रिय बनाइ खाना राम्रोसँग पचाउन सहयोग पुऱ्याउँछ । यसले आन्द्रा सफा राख्न मद्दत गर्ने भएकाले पेट भारी हुने समस्या कम हुन्छ। रोग प्रतिरोधात्मक क्षमतालाई बलियो बनाउन पनि सख्खर उपयोगी मानिन्छ, जसले महिनावारीको समयमा शरीरलाई संक्रमणबाट जोगाउन सहयोग पुऱ्याउन सक्छ । नियमित र सन्तुलित रुपमा सख्खरको चिया सेवन गर्दा तौल नियन्त्रणमा पनि सहयोग पुग्ने विश्वास गरिन्छ। सख्खरको चिया बनाउन सजिलो छ । एक गिलास पानी उमालेर त्यसमा एक चिया चम्चा सौंफ र दुईवटा हरियो अलैंची हालेर केही बेर उमालिन्छ। त्यसपछि चियाको पात मिसाएर राम्ररी उमालिन्छ । चिया तयार भएपछि कपमा एक चम्चा सख्खर हालेर उम्लिएको चिया खन्याइन्छ र राम्ररी घोलिन्छ । चिया मनतातो भएपछि पिउनु उपयुक्त हुन्छ। चाहनाअनुसार यसमा थोरै दूध पनि थप्न सकिन्छ। महिनावारीको समयमा दिनमा एकपटक यस्तो चिया सेवन गर्दा शरीरलाई सहजता, आराम र ऊर्जा मिल्ने अनुभव धेरै महिलाले गरेका छन् ।

तथापि, अत्यधिक समस्या भएमा स्वास्थ्यकर्मीको सल्लाह लिनु आवश्यक हुन्छ, तर सामान्य अवस्थामा सख्खरको चिया प्राकृतिक र उपयोगी सहायकका रुपमा लिन सकिन्छ ।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



# खलङ्गा अर्थात् नालापानी : नेपाली रगत पोखिएको माटो

**श्रीराम पाण्डे**

यात्राको तेस्रो दिन अपरान्ह देहरादून पुगेदेखि नै मन अत्यन्त उत्सुक थियो- ऐतिहासिक महत्त्वको किल्ला नालापानी बारे थाहा पाउन । कहाँ, कता र कति टाढा पर्ने रहेछ भन्ने उत्सुकताले झोला पनि थन्कोमन्को नगरी नजिकै उपस्थित व्यक्तिहरूलाई सोधपुछ गर्न थालियो । कता कता आत्मीयता र आफन्तपनको आभास देहरादूनको हावामा मिसिएको जस्तो लागिरह्यो । जति उत्सुकता र उल्लास भित्र थियो, त्यो बाहिर देखाउन मिल्ने अवस्था भने थिएन । सोध्ने बित्तिकै नेपालको इतिहासमा त्यत्रो महत्त्व दिइएको महान् युद्ध लडिएको किल्लाको बारेमा सबैलाई राम्रो जानकारी होला र त्यहाँका हरेक मान्छेले यसलाई स्पष्टसँग बुझेका होलान् भन्ने भावनामा ठेस लाग्न सुरु भयो । पहिलो, दोस्रो, तेस्रो व्यक्ति कसैले पनि नालापानी किल्ला बारे जानकारी नभएको जनाए । जोसँग सोधे पनि त्यस्तै जवाफ । एक जनाले नालापानी भन्ने गाउँ छ र त्यो त्यहाँबाट ८ कि.मि. टाढा रहेको सम्म जानकारी दियो । तर उसले पनि त्यहाँ कुनै किल्ला छ भन्ने थाहा नभएको कुरा बतायो । म लगायत केही साथीहरू यताउता गर्दै भेटिए जतिलाई सोध्दै थियौँ भने केहीसाथीहरू बस्ने होटलको व्यवस्थामा लागेका थिए । देहरादूनको व्यस्त मानिने प्रिन्स चोकमा हामी थियौ ।

मलाई खल्लो लाग्यो । सोचेँ यति धेरै मानिसहरूसँग सोध्दा पनि किन कसैले बताउन सकेन । के त्यत्रो घटना घटेको त्यस ठाउँको बारेमा यहाँका मानिसहरूलाई चासो नै थिएन । मैले सुनेको थिएँ, देहरादूनमा नेपालीहरूको पनि ठुलै बस्ती छ रे । मनमा एउटा आशा पलायो-त्यो पत्ता लगाउन सकियो भने त अवश्य नै नालापानी किल्ला पुग्न सकिन्छ ।

मौसम सफा थियो- अलि चिसो- अपरान्हको लगभग तिन/चार बजेको थियो होला । घडी थियो हेरिएन क्यारे । उत्तरतिर अलि परै तेर्सिएको अग्लो पहाड, त्यसको फेदमै जस्तो विशाल फैलावटमा लमतन्न परेको देहरादून सहर आँखालाई बिझाउने खालको कुनै दृश्य नभएकाले राम्रो लागेको थियो । सहरैभरि जताततै खानेपानीका निम्ति भनेर बनाइएका ठुला-ठुला ओभरहेड ट्याङ्कहरू देखिन्थे । सडक सफा थियो । सबै कुरा व्यवस्थित लाग्थ्यो । भारतको उत्तराखण्डको राजधानी सहर भएकाले पनि होला यो सुन्दर व्यवस्थित र रमणीय देखिन्थ्यो । तर मन अशान्त भयो । भई नै रह्यो । मैले नै सबैलाई भनेको थिएँ- देहरादूनबाट नालापानी नजिकै पर्छ, त्यो हेर्नुपर्छ । साथीहरूले विश्वास गरेको थिए । मैले फेरि मेरो मस्तिष्कमा जोड दिएर सोचेँ- मैले कतै पढेको थिएँ । एउटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कुनै पत्रकारले लेखेको थियो । देहरादून सहरबाट अलिकति टाढा नालापानी किल्लामा जाँदा त्यो ऐतिहासिक किल्ला उपेक्षित रहेको पाएर दु:ख लागेको कुरा त्यसमा थियो । यदि त्यसो हो भने म गलत थिइनँ तर किन यहाँका मानिसहरूलाई केही थाहा नभएको होला । झोला बोकेर त्यहीँ नजिकै रात्रिबासको निमित्त व्यवस्था मिलाइएको कोठामा छिरुन्जेलसम्म पनि मेरो दिमागमा त्यही कुरा चलिरहेको थियो ।

होटलको पन्जाबी साहुजी, उसको होटलका कर्मचारीहरू जसलाई सोधे पनि नालापानी बारे कुनै जानकारी प्राप्त भएन । उनीहरूले त त्यस बारे सुन्दै नसुनेको कुरा पो बताए । होटेलको भित्तामा उत्तराखण्डको ठुलो नक्सा टाँगिएको थियो । त्यसमा पर्यटकीय स्थलहरूको बारेमा विशेष उल्लेख थियो । हामीले त्यो नक्सामा आँखा गाड्यौँ । त्यहाँ उल्लेखित लगभग सबै स्थानको बारेमा र खासगरी पर्यटकीय स्थल भनेर चिन्हित ठाउँहरूमा नबिराई हेर्‍यौँ । अहँ कतै थिएन- नालापानी किल्ला ।

हाम्रो टोली ३७ सदस्यीय थियो- महिला पुरुष सबै मिलाएर । टोलीका धेरै जसोलाई त्यस बारेमा चिन्ता नै थिएन । उनीहरू बजार घुम्न किनमेल गर्न आतुर जस्तै थिए । सूर्य साँझका रक्तिम आभासहित पश्चिमाकाशबाट आफ्नो बिदाइको सङ्केत गर्दै थियो । हामी सडकमा ओर्लिएर सवारी साधन कुरिरहँदा समेत मलाई सूर्यको ठुलो रातो बिम्ब आकर्षक लागिरहेको थियो । सडकमा उत्तराखण्ड परिवहन निगमका सरकारी बसहरू गुडिरहेका थिए । केही गुडिरहेका बसमा हामीले नालापानी जाने बसहरू पनि देख्यौँ । अलि आश्वस्त भइयो, कमसेकम नालापानी भन्ने ठाउँसम्म गएर हेरौँ त्यसपछि त्यतै कतै त्यो किल्ला अवश्य होला ।

घन्टाघरको आसपासको एउटा ठुलो क्षेत्रमा लाग्ने सन्ध्याकालीन बजार देहरादूनको मुख्य आकर्षण रहेछ । जता पनि मान्छे मान्छे, जता पनि बिक्रीका लागि राखिएका सामानहरू किरासरी सिलिङबिलिङ सलबलाई रहेका मानिसहरूको जमातमा हाम्रा साथीहरू कता हराए कता । जतासुकै मानिसका टाउकै टाउका मात्र देखिन्थे । म त्यो भिडमा हराएको थिएँ । मसँग एक/दुई जना बाहेक कोही साथीहरू थिएनन् । पैसा खर्च गर्ने ठाउँ नपाएर हो वा त्यहाँको बजारमा सामान सस्तो पाइने भएर हो लाग्थ्यो सिङ्गै देहरादूनका मानिसहरू सडकमा ओर्लिएका छन् सबै घरहरू रित्तै बनाएर । सायद त्यो एउटा मात्र त्यस्तो समय हो, त्यस्तो हाट हो जुन त्यस दिनपछि फेरि कहिल्यै लाग्दैन भनेझैँ मानिसहरूको भिड उर्लिएको थियो । म त्यस भिडले जता जता लान्थ्यो त्यतै तानिँदै थिएँ- मनमा नालापानी मात्र थियो । कुनै उत्सुकता थिएन- निस्पृह थिएँ । मानौँ संवेदनाहीन कुनै यन्त्रझैँ म त्यसमा सामेल थिएँ ।

राती होटेलको छतमा बनेको भान्सामा खाना खाइरहँदा मैले पुन: उत्तरतिर पूर्वपश्चिम तेर्सिएको विशाल पहाडलाई हेरेँ । माथि पहाडको दक्षिणपट्टि भिरालोमा दिपावली गरेझैँ बत्तीको झलमल देखिन्थ्यो । त्यो कुनै पर्यटकीय स्थल नै हुनुपर्छ भनेर मैले जिज्ञासा राखेँ- जवाफमा त्यो 'मसुरी' भन्ने पर्यटकीय स्थल हो भन्ने जानकारी पाइयो । त्यहाँ पनि नालापानीको चर्चा चल्यो तर त्यहाँ पनि शून्यता र निराशा बाहेक केही फेला परेन । राती सुत्नुअघि भोलिपल्ट बिहानै नालापानी भन्ने ठाउँसम्म पुग्ने र त्यहाँ पुगेर त्यो ऐतिहासिक किल्ला खोज्ने निर्णय भयो । त्यसमा पनि जान सक्नेहरू र इच्छुकहरू मात्र जाने, जान नचाहने र अशक्तहरू होटेलमैं बस्ने निधो भयो । सुत्ने उद्देश्यसाथ आरामदायक बिछ्यौनामा पल्टेको धेरै बेरसम्म पनि मलाई निन्द्रा परेको थिएन ।

भोलिपल्ट बिहान नित्यकर्म सिध्याएर तैयार भएर बाहिर निस्कँदा बिहानको ६/२० बजिसकेको थियो । देहरादूनको सडकमा सवारीका साधनहरू गुड्न थालिसकेका थिए । चिसो थियो- चिसोले हात ज्याकेटको खल्तीभित्र हाल्नु पर्नेसम्म अवस्था आएको थियो । नालापानी जाने बस अलि परतिर बाट लाग्छ भन्ने थाहा पाएपछि हामी केही पैदल नै त्यता लाग्ने निधो गरी अगाडि बढ्यौँ । अन्दाजी १५° जति तापक्रम थियो होला त्यसबेला । सूर्य उदाइसकेको भए पनि त्यहाँ देखा परेको थिएन । आकाशको निलो वक्ष स्निग्ध थियो । धरतीलाई चिर शान्ति, सुख र समृद्धि साथै संरक्षण गर्दै आएकोमा आफ्नो अनन्त फैलावटले न्यानो गरी ढाक्न खोजेझैँ लाग्थ्यो दूर दूरसम्म फैलिएको विशाल गगन । कतै कतै एकाध चराहरू उडेका भेटिन्थे । लाग्थ्यो बिहानको सौन्दर्यमा देहरादूनको वातावरण कुनै रुमानी कविताको सुललित हरफझैँ मेरो अगाडि खुला थियो । हामी सडकै सडक अगाडि बढ्दै थियौँ । मानिसहरू सडकमा पातलै थिए र सवारीका साधनहरू पनि पातलै थिए । अलिकति पूर्व लागेपछि हामी उत्तर तेर्सियौँ । ठुलो र सफा सडक भेटियो । दुवैतिर भव्य घरहरू थिए । ठाउँठाउँमा होटल भेटिन्थे । मैले सडक छेउकै बनेको विशाल भवनमा 'होटल कलिङ्गा' लेखेको एउटा साइनबोर्ड पढेँ । म झल्याँस्स भएँ । यथार्थमा त्यस किल्लालाई अङ्ग्रेजहरू कलङ्गा भन्थे । त्यसपछि भेटिए जति मानिसलाई नालापानी र कलङ्गा किल्लाको बारेमा सोध्न थालेँ । बाटाका दुवैतिर सरकारी गैरसरकारी आकर्षक भवनहरू थिए । अलिअलि चिसो बढ्दै गएर झन्डै मुटु छुनेसम्मको भइसकेको थियो । सडकमा केही स्कुले केटाकेटीहरू केही अधबैँसे पाकाहरू र केही युवाहरू भेटिन्थे । हिँड्दा हिँड्दै हामी नालापानीको बस लाग्ने बिसौनी पुग्नै आँटेका थियौँ । हाम्रो आँखा सडक पार गर्न लागेका एक हुल नवयौवनाहरूमा पर्‍यो । रातभरिको शीतले छपक्क भिजेका लालित्ययुक्त गुलाफका पत्रदल जस्ता कुमारी कपोलहरूलाई बेलाबेलामा चल्ने चिसो सिरेटोको कुनियतपूर्ण स्पर्शबाट जोगाउन हो वा दुनियाँका फोहोरी नजर बाट बचाउन हो, हावाले बेला बेलामा उडाउन खोज्ने पातलो रेसमी स्कार्फ घुम्टो जस्तै बनाएर उनीहरूले आफ्नो गाला ढाकेको दृश्य निकै चित्ताकर्षक थियो । त्यसमाथि हावाभन्दा पनि हिँडाइको गतिसँग लहरिने केशराशि र त्यससँगै वासन्ती पवनले उडाएर ल्याउने केवँराको सुगन्धझैँ मनाल्हादित पार्ने मादक कुमारी सुगन्ध सडकभरि छरपस्ट छरिएको त्यो क्षणले आफ्नो विगतका मायालु सपनाहरू विम्बित भएझैँ आँखा वरिपरि झुम्मिएकाले त्यसैमा हराउन पुगिएछ । चौबाटोको सडक पारितिर केही टेम्पोहरू लागेका थिए । तिनीहरूसँग सोधपुछ गर्ने मनसायले म त्यतै लागेँ । नालापानी किल्लाको बारेमा तिनीहरूलाई पनि थाहा थिएन । सडकमा हिँड्दै गर्दा फेला परेको एउटा युवकले पनि त्यस बारेमा जानकारी नभएको बतायो । तर ऊ हाम्रो मद्दत गर्न लालायित थियो । उसले पनि सडकका धेरैसँग सोधपुछ गर्‍यो । कतै केही थाहा भएन ।

हामी जुन ठाउँमा उभिएका थियौँ । त्यो एउटा लामो अग्लो पर्खालको छेउ थियो । त्यो क्षेत्र अत्यन्त फोहर, दुर्गन्धित थियो । सडकको पेटीमा ठाउँठाउँमा आगो बालिएको, केही बोतलहरू फालिएर अलपत्र थिए । मलाई त्यो ठाउँ एडिक्सनमा फसेका मान्छेहरूको प्रयोग स्थान हो भन्ने बुझ्न समय लागेन । अघि सडकमा सँगै हिँड्ने युवक अलि पर कुनै टेम्पो चालकसित कुरा गर्दै थियो । उसले बोलायो म त्यतै लागेँ । एउटा टेम्पो चालकले नालापानी गाउँबाट लगभग तिन/चार किलोमिटर माथि डाँडाको टुप्पोमा किल्ला रहेको जानकारी दियो । त्यहाँसम्म बस जाने बाटो समेत भएको र आफू त्यहाँ पटकपटक गएको कुरा उसले बतायो । मैले उसलाई हाम्रो गाइड गरिदिन भनेँ तर उसले आफ्नो रुट त्यता नपर्ने भएकाले जान नसक्ने बतायो । हाम्रो बाटामा भेटिएको त्यो अघोषित गाइड युवकको अनुहारमा आफूले केही सहयोग गर्न सकेकाले सन्तुष्टिका भावहरू सल्बलाइरहेको अनुभव मलाई भयो । मैले उसको आँखामा हेरेरै मौन कृतज्ञता ज्ञापन गरेँ । मस्तिष्कबाट एउटा ठुलो बोझ हटेको महसुस भयो । आखिर नालापानी किल्ला त रहेछ नै । त्यो पनि यहीँ नजिकै । मैले इतिहासका हरफहरूमा अङ्ग्रेज फौजले देहरादूनमा क्याम्प गरेर बसी नालापानीमा आक्रमण गरेको कुरा पनि पढेको थिएँ । आखिर यथार्थ यथार्थ नै हो । ढिलो वा चाँडो त्यो प्रस्ट हुन्छ नै । त्यही भयो । अब हाम्रो टोलीमा कुनै अन्यौल थिएन । मात्र नालापानी जाने बस आगमनको प्रतीक्षा थियो । यति बेला बिहानको साँढे सात बजिसकेको थियो । पूर्वी आकाशमा सूर्यको रातो बिम्ब, धेरै परपरका अग्ला होचा पहाडहरू, घरका अट्टालिकाहरूमा लगाइएका गमलामा फुलेका विभिन्न मनोहारी फूलहरू, मनभरि छरिएको मौसमी मिठास, उत्फुल्ल सुन्दर बिहानी र गन्तव्यको रोमाञ्चक कल्पना सबै मिसिएर म कुनै स्वप्नलोकको यात्रा गर्दै छु भन्ने मिठो भ्रममा थिएँ । मेरा कानमा विभिन्न मान्छेका कुराहरू गुञ्जिरहेका थिए तर ती अर्थित थिएनन् मात्र ध्वनित थिए । म आफैँभित्र हराएको थिएँ । भित्रभित्रै रमाएको थिएँ । हिजोदेखिको तनावग्रस्त मस्तिष्क रोमाञ्चक कल्पनाले सिक्त भएको थियो । समय कति लाग्यो आधा, पौने या एक घन्टा पत्तै भएन । घडी पनि हेरिएन तर बसले हामीलाई त्यस ठाउँमा पुर्‍याएर ओराल्यो जहाँ एउटा ढोका बनेको थियो र त्यसमा लेखिएको थियो- 'बलभद्र-खलङ्गाद्वार नालापानी' ।

हामी पहाडको फेदीमा थियौँ । त्यो द्वार भएर एउटा कालोपत्रे सडक नागबेली परेर मास्तिर गएको थियो । हामीले बसवालालाई किल्लासम्म पुर्‍याइदिन भन्यौँ । उसले अलि निकै महँगो रकम भन्यो । यात्राको क्रममा एक जना गुरुङ/मगर जस्ता उमेरले ६० छेउछाउका लाग्ने गोर्खा लाहुरेझैँ देखिने मानिस पनि त्यही बसबाट झरे । नेपालीपनको आभासमा म उत्साहित भएँ, सोधेँ- "किल्ला कति टाढा छ ?" उसले मेरो अपेक्षा विपरीत हिन्दीमा जवाफ दियो-"बहुत दूर है ।" म खिन्न भएँ । मलाई उसले नेपाली नबोलेकाले आश्चर्य लाग्यो ।

## साताको सिर्जना

**कविता :**

### अमेरिका : एक सपना

**● दीपज्योति थापा**

*राजधानी छिरेकै दिन हो जेनिफर !*
*मैले तिमीलाई भेटेको*
*अमेरिका : एक सपना जप्दै*
*म तिम्रो समीप भएँ*
*गाउँबाट सहर पसेको म बबुरो*
*हरेक चिजलाई पैसा देख्थेँ*
*टुटेफुटेको मेरो अङ्ग्रेजी*
*तिमीले नै त हो मर्मत गरिदिएको*
*अनि पो भटचाउन सक्ने भएँ म-*
*"माइ हार्ट गो सललललल इन द मर्निङ...।"*

*मकै र भटमासलाई क्रमश: पिज्जाहरूले*
*पँधेराको कञ्चन पानीलाई जुसहरूले*
*विस्थापित गरेपछि*
*सपना पुरा गर्ने रहरमा*
*म त तिम्रो रोबर्ट भएछु जेनिफर !*
*तिम्रा हर चिज मान्न तयार*
*तर तिम्रा क्रियाकलाप टुलुटुलु हेरी बस्ने*
*रहर पुरा गर्ने अभिलाषामा*
*तिमीमाथि झुटो प्रेम प्रदर्शन गरेकै हो*
*आज्ञाकारी समर्थकमा*
*टुप्पी काटेकै हो, जनै फालेकै हो*
*धर्म बिर्सेर चर्चमा औँठी साटासाट गरी*
*एक चुम्बनमै जुनेलीलाई बिर्सेकै हो*
*मलाई माफ गर जुनेली !*
*सपनाको सहरको यो लामो बसाइमा*
*मैले घरलाई भुलेँ, थरलाई भुलेँ*
*आफ्नो गाउँ र सहरलाई भुलेँ*
*अब त सम्झनाले तानिसक्यो मलाई*
*हातबाट मेहदीको*
*रङ पनि छुट्न नपाउँदै*
*मैले छोडेर हिँडेकी मेरी जुनेली*
*थाहा छैन मलाई मेरो माया*
*उसको गर्भमा*
*होला या नहोला ।*

*न्युयोर्कका चिल्ला रोडहरूमा*
*जेनीको आलिङ्गनमा घन्टौँ खित्खिताउँदा*
*गाउँकी मेरी जुनूको*
*फतफत सुनिनँ मैले*
*न त देखिए कँधेरी भिरेर*
*बसेका मेरा बाबा*
*न त सुनेँ फुलेका सेतै कपालमा*
*काली दलेर बसेकी*
*मेरी आमाको आत्मप्रलाप*
*जिन्दगी एक सपना*
*तर मसँग*
*फ्ल्यासब्याक पनि क्लियर छैन ।*

*सपना खतम चिज रहेछ बाबा !*
*मनमा अमेरिकाको सिरेटो चलेपछि*
*फोक्सोले मुटुले आँखाले*
*जिब्रोले समेत अमेरिका बोल्यो*
*अमेरिका सुँघ्यो नाकले पनि*
*हर रात आँसुले सिरानी भिजाएर*
*बसेकी होलिन् मेरी जुनेली*
*थाहा छैन, मेरा स्पर्शका अवशेषहरू*
*बाँकी होलान् या नहोलान् तिमीसँग ।*
*मनमा गाँठा पारिएका वेदनाहरू*
*आज अचानक फुस्कँदै छन्*
*आइ एम सरि जेनिफर !*
*म आफ्नो देश फर्कँदै छु*
*यो सपनाको ललाटमा*
*कुल्चिएर सधैँका लागि*
*उही पुरानै लयमा*
*उही पुरानै यात्रामा ।*

*जाही, जुही र प्याउली फुल्दै होलान्*
*स्वागत गरिरहेका होलान्*
*लहलह झुलेका*
*धानका बालाहरूले मलाई*
*कुरिरहेका होलान्*
*पानी भर्ने घैँटो लिएर बसेका*
*पँधेर्नीहरूले*
*मेरो फाँटले खेतले*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक

२०८२ मंसिर २८ गते आइतबार
(14th Dec., Sunday 2025)

# भ्रष्टाचारविरुद्ध लाग्ने प्रतिबद्धता

मध्यस्थता

भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजना र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हेटौँडास्थित कार्यालयको सहकार्यमा हेटौँडामा विशेष अन्तरक्रिया भएको छ ।




सार्वजनिक सेवा प्रवाह, सुशासन र पारदर्शितासँग प्रत्यक्ष जोडिएको भ्रष्टाचारको मुद्दालाई केन्द्रमा राखेर आयोजना गरिएको कार्यक्रममा प्रदेश तथा स्थानीय तहमा देखिएका समस्याहरू, चुनौती हरू र समाधानका उपायबारे छलफल गरिएको थियो ।

कार्यक्रममा बागमती प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले भ्रष्टाचार न्यूनीकरण प्रदेश सरकारको प्रमुख प्राथमिकतामा रहेको स्पष्ट पार्दै नीति, कानुन र संस्थागत संर चनामार्फत यसविरूद्ध प्रभावकारी काम गरिने बताए । उनले भ्रष्टाचार केवल कानुनी समस्या मात्र नभई सामाजिक र नैतिक चुनौतीसमेत भएकाले राज्यका सबै संयन्त्र, कर्मचारी, जनप्रतिनिधि र नागरिकको साझा प्रयास आवश्यक रहेको धारणा राखे । प्रदेश सरकारले सेवा प्रवाहलाई सरल, पारदर्शी र उत्तर दायी बनाउन विभिन्न सुधारका कार्यक्रम अघि बढाइरहेको उनले जानकारी दिए ।

कार्यक्रमको सुरूआत मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव बाबुराम गौतमले स्वागत मन्तव्यसहित विषयवस्तु प्रस्तुत गर्दै गरेका थिए । उनले अन्तर्राष्ट्रिय भ्रष्टाचारविरूद्ध दिवसको महत्वबारे चर्चा गर्दै प्रदेश सरकार र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबीचको सहकार्यले भ्रष्टाचार नियन्त्रणमा सकारात्मक सन्देश जाने विश्वास व्यक्त गरे ।

अन्तरक्रियामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयका प्रमुख रामकृष्ण पुडासैनीले विस्तृत प्रस्तुतीकरण गर्दै देशभर, विशेष गरी बागमती प्रदेश र स्थानीय तहमा देखिएका भ्रष्टाचारका प्रवृत्ति, उजुरीका प्रकृति, जोखिमयुक्त क्षेत्र र अब सचेत हुनुपर्ने विषयहरूबारे जानकारी दिए । उनले चालु आर्थिक वर्षमा अख्तियारमा परेका उजुरीहरूको अवस्था, ती उजुरी कुन–कुन क्षेत्रमा बढी केन्द्रित छन् भन्ने तथ्य प्रस्तुत गर्दै सार्वजनिक निकायमा अझै पनि अधिकारको दुरूपयोग, प्रक्रियागत कमजोरी र पारदर्शिताको अभाव देखिएको उल्लेख गरे । भ्रष्टाचार नियन्त्रणका लागि समयमै उजुरी गर्ने, प्रमाण सुरक्षित राख्ने र नागरिक सचेतना बढाउनुपर्ने आवश्यकता उनले औँल्याए ।

प्रस्तुतीकरणपछिको खुला अन्तरक्रियामा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले प्रशासनिक तहमा देखिने चुनौती र सुशासन कायम गर्न गरिएको प्रयासबारे आफ्नो धारणा राखे । उनले कानुन कार्यान्वयनसँगै नैतिकता र जिम्मेवारीको भावना बलियो बनाउनु आवश्यक रहेको बताए । हेटौँडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत गौतमले स्थानीय तहमा सेवा प्रवाह गर्दा पार दर्शिता कायम गर्न अपनाइएका अभ्यास र अझ सुधार गर्नुपर्ने पक्षबारे चर्चा गरे ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईंले भ्रष्टाचारविरूद्ध सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै सूचनाको पहुँच, खोज पत्रकारिता र जनचेतनामार्फत सुशासन प्रवर्द्धन गर्न पत्रकारिता क्षेत्रले निरन्तर योगदान दिइरहेको बताए । उनले प्रेस स्वतन्त्रता सुनिश्चित भए मात्र भ्रष्टाचारका घटनाहरू बाहिर ल्याउन सकिने धारणा राखे ।

कार्यक्रममा बागमती प्रदेशका विभिन्न मन्त्रालयका सचिवहरू, निर्देशनालयका प्रमुखहरू, जिल्ला स्तरका कार्यालय प्रमुखहरू लगायत सरोकारवालाहरूको सहभागिता थियो । सहभागीहरूले भ्रष्टाचार न्यूनीकरणका लागि कानुनी व्यवस्थासँगै संस्थागत सुधार, डिजिटल प्रणालीको विस्तार, अनुगमन संयन्त्रको सुदृढीकरण र नागरिक सहभागिता आवश्यक रहेको निष्कर्ष निकाले ।

संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष डिसेम्बर ९ तारिखका दिन विश्वभर यो दिवस मनाइने गरिन्छ । यस वर्ष भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय नारा 'भ्रष्टाचार विरूद्ध युवासँग एकताः भोलिको इमानदारीताको निर्माण' रहेको थियो । जसले, युवाहरूलाई नेतृत्वदायी भूमिकामा अघि बढ्दै पारदर्शिता, उत्तरदायित्व र इमानदारीको मूल्य स्थापित गर्न प्रेरित गरेको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २००३ मा भ्रष्टाचारविरूद्ध संयुक्त रूपमा लड्ने उद्देश्यसहित संयुक्त राष्ट्रसंघीय महासन्धि पारित गरेको थियो, जुन सन् २००५ देखि लागू भएको छ । नेपालले पनि उक्त महासन्धिलाई अनुमोदन गरी सम्पत्ति शुद्धीकरणसम्बन्धी संयन्त्र गठन गरेको छ । हरेक वर्ष भ्रष्टाचारविरूद्ध विभिन्न कार्यक्रम र प्रतिबद्धता दोहोरिँदै आए पनि व्यवहारमा भ्रष्टाचार अपेक्षित रूपमा न्यूनीकरण हुन नसकेको यथार्थ कार्यक्रममा सहभागीहरूले स्वीकार गरे ।

# बखानमाथि बहस

मध्यस्थता

साहित्यकार तथा पत्रकार वसन्त पराजुलीको तेस्रो कृति ऐतिहासिक उपन्यास 'बखान' माथि मकवानपुरको हेटौँडामा बहस भएको छ ।

नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजनामा शुक्रबार भएको कार्यक्रममा उपन्यासको विषयवस्तु, ऐतिहासिक पृष्ठभूमि, लेखनशैली र साहित्यिक मूल्यका विविध पक्षमाथि छलफल गरिएको हो । छलफलमा लेखक पराजुलीले उठान गरेका पात्र, समय र घटनाक्रमले नेपाली इतिहासको एउटा महत्वपूर्ण कालखण्डलाई उजागर गरेको भन्दै सहभागीहरूले कृतिको महत्वबारे धारणा राखेका थिए ।

अग्रज साहित्यकार तथा पत्रकार डा. निमेष निखिलले उपन्यासमाथि मुख्य समीक्षकका रूपमा विस्तृत समीक्षा प्रस्तुत गरेका थिए । उनले 'बखान' सरल, सहज र विवरणात्मक भाषाशैलीमा लेखिएको ऐतिहासिक उपन्यास भएको उल्लेख गर्दै ऐतिहासिक पात्र बखानसिंह गुरूङको जीवनीलाई केन्द्रमा राखेर लेखकले समाज, राजनीति र इतिहासलाई एकैसाथ प्रस्तुत गर्न सफल भएको बताए । निखिलका अनुसार लेखक पराजुलीको विशेषता कुनै पात्र वा सन्दर्भलाई सतहमा मात्र नछोई त्यसको भित्री तहसम्म पुगेर गहिरो अध्ययनका आधारमा कथा निर्माण गर्नु हो, जसले उपन्यासलाई तथ्यपरक र विश्वसनीय बनाएको छ ।



उपन्यासका नायक बखानसिंह गुरूङ चितवनमा बस्ती बसाल्ने अभियानका अग्रणी पात्र मात्र नभई नेपालकै पहिलो सहकारीका रूपमा चिनिने बखान ऋण सहकारी संस्थाका संस्थापकसमेत भएको सन्दर्भ कार्यक्रममा विशेष रूपमा उठान गरिएको थियो । उनी २००७ सालको राणाविरोधी जनक्रान्तिका एक साहसी योद्धा भएको उल्लेख गर्दै निखिलले शाही सेनाको क्याप्टेन पदको जागिर त्यागेर प्रजातन्त्रका लागि क्रान्तिमा होमिनु उनको जीवनको सबैभन्दा ठूलो त्याग भएको बताए । क्रान्तिकै क्रममा उनले आफ्ना दुई छोरासमेत गुमाउनुपरेको पीडादायी यथार्थलाई उपन्यासले मार्मिक ढङ्गले चित्रण गरेको निखिलको भनाइ थियो ।

समीक्षामा गुरूङको जीवनका सङ्घर्ष, त्याग र साहसका अनेक क्षणहरूलाई रोचक र जीवन्त ढङ्गले प्रस्तुत गरिएको उल्लेख गर्दै निखिलले उपन्यासले पाठकलाई इतिहाससँग भावनात्मक रूपमा जोड्ने क्षमता राखेको बताए । चित्रसेन बाबाको मन्दिर, सोमेश्वर गढी र त्यहाँको मन्दिर, उपरदाङ गढी, देवघाटको प्राचीनता, चितवन राष्ट्रिय निकुञ्जको स्थापना र राजपरिवार तथा विदेशीहरूले शिकारका नाममा गरेको जङ्गली जनावरहरूको निर्मम सिकारजस्ता विषयहरू उपन्यासमा अनुसन्धानमूलक शैलीमा समेटिएको उनको विश्लेषण थियो । यस्ता सन्दर्भहरूले उपन्यासलाई केवल कथा मात्र नभई ऐतिहासिक दस्तावेजजस्तो बनाएको धारणा उनले राखे ।

त्यसैगरी २००७ सालको जनक्रान्ति, २०१७ सालमा राजा महेन्द्रले गरेको कू, त्यसपछिको राजनीतिक विद्रोह, नेपाली कांग्रेसको आन्दोलन, पुलिमराङदेखि बन्दीपुर सम्मका तत्कालीन सामाजिक–राजनीतिक सन्दर्भ र चितवनमा बस्ती विकासका प्रारम्भिक दिनहरूको कथा कलात्मक रूपमा बुनेको भन्दै उपन्यास पठनीय बनेको उनले बताए । यद्यपि वर्णनात्मकता र विवरणात्मकता बढी भएका कारण कतिपय स्थानमा साहित्यिक मिठास केही कम महसुस हुने टिप्पणीसमेत उनले गरे ।

कार्यक्रमका प्रमुख अतिथि मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले उपन्यासमार्फत लेखक पराजुलीले आफ्नो जन्मथलो चितवन र त्यस क्षेत्रका ऐतिहासिक स्थान, पात्र र घटनालाई नयाँ पुस्तासम्म पुऱ्याउने महत्वपूर्ण प्रयास गरेको बताए । सहकारी आन्दोलन, राजनीतिक सङ्घर्ष र सामाजिक परिवर्तनका सन्दर्भ बुझ्न चाहने सबै वर्गका पाठकका लागि उपन्यास उपयोगी, पठनीय र सङ्ग्रहणीय भएको उनको धारणा थियो । इतिहासलाई साहित्यको माध्यमबाट प्रस्तुत गर्नु चुनौतीपूर्ण काम भए पनि लेखक त्यसमा सफल देखिएको भन्दै उनले प्रशंसा व्यक्त गरे ।

पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षतामा भएको बहसमा कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईंले लेखक पराजुलीको निरन्तर सिर्जनात्मक यात्राको कामना गर्दै कृतिगत सफलताको शुभेच्छा व्यक्त गरे । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सुवासचन्द्र बोहरा, महासंघका केन्द्रीय सदस्य नारायण अधिकारी, बागमती प्रदेश संस्थापक अध्यक्ष प्रताप विष्ट, महासंघ मकवानपुरका पूर्व अध्यक्ष राममणि दाहाललगायत पत्रकार, साहित्यकार र सरोकारवालाहरूको उपस्थिति थियो ।

# 'मानव अधिकार रक्षा साझा कर्तव्य'

मध्यस्थता

अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौँडा, गैरसरकारी संस्था महासंघ नेपाल बागमती प्रदेश तथा अन्य सरोकारवाला संघसंस्थाको संयुक्त आयोजनामा हेटौँडामा अन्तर क्रिया भएको छ ।




मानव अधिकारको वर्तमान अवस्था,यसको संरक्षण र प्रवर्द्धनका चुनौती तथा आम निर्वाचनसँग मानव अधिकारको सम्बन्धजस्ता विषयमा केन्द्रित रहेर आयोजित कार्यक्रममा प्रदेश र जिल्ला तहका सरकारी निकाय, नागरिक समाज र मानव अधिकारकर्मीहरूको उल्लेख्य सहभागिता थियो ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित बागमती प्रदेश सभाकी उपसभामुख अप्सरा चापागाईंले मानव अधिकारको रक्षा गर्नु राज्य, संस्था र नागरिक सबैको साझा कर्तव्य भएको स्पष्ट पारे । उनले मानव अधिकार कुनै एक वर्ग वा समूहको मात्र विषय नभई समाजका सबै नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको बताउँदै यसको संरक्षणका लागि सामूहिक जिम्मेवारी आवश्यक रहेको धारणा राखे । मानव अधिकार उल्लङ्घनका घटना अझै पनि विभिन्न रूपमा देखिँदै आएकाले यसतर्फ राज्य संयन्त्र, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिक सबैले गम्भीर चासो दिनुपर्ने उनको भनाइ थियो ।

उपसभामुख चापागाईंले विशेष गरी निर्वाचनजस्ता संवेदनशील प्रक्रियामा मानव अधिकारको सम्मान अनिवार्य हुने उल्लेख गर्दै निष्पक्ष, स्वतन्त्र र भयरहित निर्वाचन नै लोकतन्त्रको आधार भएको बताए । नागरिकको अभिव्यक्ति स्वतन्त्रता, मतदानको अधिकार र राजनीतिक सहभागिता सुनिश्चित नभएसम्म मानव अधिकारको पूर्ण प्रत्याभूति हुन नसक्ने उनको धारणा थियो । यसका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नभई व्यवहारिक कार्यान्वयन र निगरानी आवश्यक रहेको उनले जोड दिए । कार्यक्रममा बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका बाबुराम अधिकारीले मानव अधिकारको संरक्षण प्रदेश सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै संवैधानिक अधिकार लाई व्यवहारमा उतार्न विभिन्न प्रयास भइरहेको जानकारी दिए । उनले प्रदेश सरकार मानव अधिकार आयोग, नागरिक समाज र सरोकारवाला संस्थासँग सहकार्य गर्दै मानव अधिकारमैत्री नीति तथा कार्यक्रम अघि बढाउन प्रतिबद्ध रहेको बताए ।

इन्सेक बागमती प्रदेशका प्रमुख शिव प्याकुरेलले मानव अधिकारको अवस्था र पछिल्ला चुनौतीबारे धारणा राख्दै राजनीतिक, सामाजिक र आर्थिक अधिकार एक–अर्कासँग अन्तरसम्बन्धित रहेको उल्लेख गरे । उनले मानव अधिकार उल्लङ्घनका घटनामा समयमै निगरानी, दस्तावेजीकरण र न्यायिक पहुँच सुनिश्चित गर्न नसक्दा पीडितहरू थप मारमा पर्ने अवस्था रहेको बताए । गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका कार्यबाहक अध्यक्ष कमल कुमार विश्वकर्माले नागरिक समाजको भूमिका प्रभावकारी भए मात्र मानव अधिकार संरक्षण सम्भव हुने धारणा व्यक्त गरे ।

जिल्ला अध्यक्ष रमिला सापकोटाले स्थानीय तहमा देखिने मानव अधिकारका मुद्दा र महिलासँग सम्बन्धित अधिकार उल्लङ्घनका विषयमा ध्यानाकर्षण गराउँदै स्थानीय स्तरमै सचेतना र पहुँच विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए । कार्यक्रममा बागमती प्रदेशका विभिन्न मन्त्रालयका प्रतिनिधि, मकवानपुर जिल्लास्तरका कार्यालय प्रमुख तथा कर्मचारी, मानव अधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता थियो ।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



# त्रिभुवन राजपथलाई पर्यटकीय राजमार्ग बनाउँन माग

मध्यस्थता

हेटौँडा उपमहानगरपालिकाले आफ्नो भूगोल हुँदै जाने ऐतिहासिक त्रिभुवन राजपथलाई राष्ट्रिय राजमार्गको परम्परागत अवधारणा भन्दा फरक ढंगले पर्यटकीय राजमार्गका रूपमा विकास गर्न संघीय सरकारसमक्ष प्रस्ताव गर्ने निर्णय गरेको छ ।

विशेषगरी त्रिभुवन राजपथ अन्तर्गत हेटौँडाको बुद्ध चोकबाट उत्तरतर्फ पर्ने सडक खण्डलाई पर्यटकीय मार्गका रूपमा रूपान्तरण गर्ने अवधारणासहित स्थानीय तह, जनप्रतिनिधि र सरोकारवालाहरू बीच सहमति बनेको हो ।




हेटौँडामा जनप्रतिनिधि तथा सरोकारवालाहरूको भेलाले बुद्ध चोकदेखि उत्तरतर्फको त्रिभुवन राजपथ खण्डलाई राष्ट्रिय राजमार्गको विकल्पमा पर्यटकीय राजमार्गका रूपमा विकास गर्न सरकारसँग औपचारिक माग गर्ने निष्कर्ष निकालेको छ । भेलामा सहभागी जनप्रतिनिधि र स्थानीयवासीहरूले सो क्षेत्रमा पछिल्लो समय तीव्र रूपमा बस्ती विकास हुँदै गएको, शहरी स्वरूप विस्तार भइरहेको र सोही अवस्थामा अत्यधिक चौडाइको राजमार्ग निर्माण गर्दा ठूलो मात्रामा निजी तथा सार्वजनिक संरचनामा क्षति पुग्ने सम्भावना रहेको भन्दै वैकल्पिक सोच आवश्यक रहेको धारणा राखेका थिए । उनीहरूका अनुसार सो सडक खण्डमा सरकारको ठूलो लगानी गर्दा त्यस अनुसारको प्रतिफल प्राप्त नहुने देखिएकाले पर्यटकीय मार्गको अवधारणा बढी उपयुक्त हुने निष्कर्ष निकालिएको हो ।

भेलामा सो सडक खण्डलाई पर्यटकीय मार्गका रूपमा अघि बढाउन सडक केन्द्रबाट दायाँबायाँ १६-१६ मिटर मात्र सडक सीमा निर्धारण गर्न सरकारसँग अनुरोध गर्ने सहमति भएको हेटौँडा उपमहानगरपालिका वडा नम्बर २ का वडाध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिए । उनका अनुसार यसरी सीमित चौडाइ कायम गर्दा एकातर्फ सडक विस्तार सम्भव हुन्छ भने अर्कोतर्फ नागरिकको घर, पसल तथा अन्य भौतिक संरचनामा हुने क्षति न्यून गर्न सकिन्छ ।

सडक डिभिजन हेटौँडाले बुद्धचोक देखि सामरी पुलसम्म सडक केन्द्रबाट दायाँबायाँ २५-२५ गज क्षेत्रलई सडक सीमा घोषणा गर्दै त्यसभित्र रहेका घरटहरा हटाउन सूचना जारी गरेपछि यो मार्ग आसपासका वडा नम्बर १ र २ का वडाध्यक्ष, अन्य जनप्रतिनिधि तथा स्थानीयवासीको सहभागितामा छलफल भएको थियो । छलफलमा प्रभावित पक्षहरूले सडक केन्द्र बाट दायाँबायाँ १६-१६ मिटर चौडाइ पर्याप्त हुने सहमति जनाएका छन् । उनीहरूको भनाइमा यसरी सडक चौडा गर्दा यातायात व्यवस्थापनमा समेत समस्या नआउने र अनावश्यक विस्थापन पनि रोकिनेछ ।

वडाध्यक्ष महर्जनले विकास नागरिकका लागि हुनुपर्ने र विनाशले मात्र समृद्धि हासिल गर्न नसकिने स्पष्ट पार्दै बुद्धचोकबाट उत्तरतर्फ त्रिभुवन राजपथको सडक चौडाइका नाममा अत्यधिक लगानी गर्नुको औचित्य पुष्टि हुने आधार नदेखिएको बताए । उनले सीमित स्रोत साधनको सदुपयोग गर्दै दीर्घकालीन लाभ दिने योजना आवश्यक रहेको उल्लेख गर्दै १६-१६ मिटरको चौडाइ नै व्यावहारिक र उपयुक्त हुने धारणा राखे ।

हेटौँडा उपमहानगरपालिकाका प्रवक्तासमेत रहनुभएका वडा नम्बर १ का वडाध्यक्ष सविन न्यौपानेले द्रुतमार्ग निर्माण पूरा भएपछि त्रिभुवन राजपथमा सवारी साधनको चाप स्वाभाविक रूपमा घट्ने बताए । उनका अनुसार हेटौँडाबाट उत्तर तर्फका पालिकाहरूमा बस्ती पलायनको अवस्था बढ्दो क्रममा रहेकाले अत्यधिक चौडाइको सडकको तत्काल आवश्यकता नरहेको धारणा व्यक्त गरे । बुद्धचोक बाट उत्तरतर्फ सडक केन्द्रबाट १६-१६ मिटर चौडाइ कायम गर्दा यातायात, सुरक्षा र आर्थिक दृष्टिले पर्याप्त हुने उनको भनाइ छ ।

वडाध्यक्ष न्यौपानेले सडक केन्द्रबाट २५-२५ गज चौडा गर्दा सरकारको लगानी ठूलो भए पनि त्यसअनुसारको लाभ नआउने भन्दै मितव्ययिता र लाभ-लागत अनुपातको आधारमा १६-१६ मिटर चौडाइ नै उपयुक्त विकल्प भएको उल्लेख गरे । यही अवधारणाका आधारमा हेटौँडा उपमहानगर पालिकाले त्रिभुवन राजपथलाई पर्यटकीय मार्गको रूपमा विकास गर्ने प्रस्ताव संघीय सरकारसमक्ष अघि बढाउने प्रक्रिया थालेको उनले जानकारी दिए ।

त्रिभुवन राजपथको बुद्धचोक बाट उत्तरतर्फको खण्डलाई पर्यटकीय मार्ग बनाउने विषयमा उपमहानगरपालिकाको कार्यपालिका बैठकले समेत निर्णय गरिसकेको छ । वडा नम्बर १ का वडाध्यक्ष न्यौपानेका अनुसार आगामी पुस महिनामा बस्ने नगर सभाबाट उक्त प्रस्ताव पारित गरी संघीय सरकारसमक्ष औपचारिक रूपमा पेश गरिनेछ । हेटौँडा उपमहानगरपालिकाको आइतबार बसेको ७६ औँ कार्यपालिका बैठकले नगरसभामार्फत संघीय सरकारलाई यस्तो अनुरोध गर्ने निर्णय गरेको हो ।

उपमहानगरपालिकाको नेतृत्वले पर्यटकीय मार्गको अवधारणा कार्यान्वयन भएमा नागरिकका भौतिक संरचनामा न्यून क्षति पुग्ने, स्थानीय पहिचान जोगिने र सरकारको लगानीबाट उच्चतम् प्रतिफल प्राप्त हुने विश्वास व्यक्त गरेको छ । वडाध्यक्ष महर्जनले विशेषगरी सामरी पुलबाट उत्तरतर्फ सडक केन्द्रबाट २५-२५ गज चौडाइ कायम गर्दा अत्यधिक लागत लाग्ने र त्यसको औचित्यसमेत पुष्टि नहुने तर्क गरे ।

यसअघि सडक डिभिजन हेटौँडाले एसियन राजमार्ग अन्तर्गत पर्ने हेटौँडा उपमहानगरपालिकाको रातोमाटोदेखि राप्ती पुलसम्म तथा त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्म सडक सीमा संरक्षणको नाममा सडक सीमा भित्र रहेका घरटहरा हटाउन सूचना जारी गरेको थियो । सडक डिभिजनका अनुसार बुद्धचोक देखि सामरी पुलसम्मको दूरी करिब तीन किलोमिटर रहेको छ । यस खण्डमा सडक चौडाइका क्रममा हेडम्बी हाइटसम्म डोजर प्रयोग भइसकेको छ भने त्यसबाट उत्तर तर्फ स्थानीयले आफैँ घरटहरा तथा अन्य संरचना हटाउने क्रम जारी छ ।

हेटौँडा उपमहानगरपालिकाले पुनः एकपटक त्रिभुवन राजपथ लाई पर्यटकीय राजमार्गका रूपमा सञ्चालन गर्न संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय औपचारिक रूपमा गरेको छ । उपमहानगरपालिकाको कार्यपालिका बैठकले नगरसभामार्फत यस्तो प्रस्ताव अघि बढाउने निर्णय गरेसँगै अब त्रिभुवन राजपथको भविष्य स्वरूप राष्ट्रियस्तरको छलफलको विषय बन्ने देखिएको छ ।

## सडक विस्तारको भविष्य...

लिएर सर्वोच्च अदालतमा दायर गरिएको मुद्दामा अदालतले मिसिल झिकाउने आदेश दिएको छ । सर्वोच्च अदालतको इजलास नम्बर २ मा शुक्रबार भएको बहस तथा छलफलपछि न्यायाधीशहरूले सडक विस्तारसम्बन्धी यस मुद्दामा यसअघि भएका अदालती निर्णय र हाल विचाराधीन रहेका मुद्दासँग सम्बन्धित सम्पूर्ण मिसिल झिकाउन आदेश दिएका हुन् । डिभिजन सडक कार्यालय हेटौँडाले गरेको निर्णय विरूद्ध रास्वपा नेतृ तथा पूर्व प्रतिनिधि सभा सदस्य विन्दवासिनी कंसकार सहित अन्य सरोकारवालाले मङ्सिर १६ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । सो रिटमा हेटौँडा बजार क्षेत्रको सडक विस्तार प्रक्रिया कानुनविपरीत, नागरिकको मौलिक हकमा असर पार्ने र पर्याप्त वैकल्पिक व्यवस्था नगरी अघि बढाइएको दाबी गरिएको छ । रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्च अदालतले यसअघि नै मङ्सिर १९ गते उत्प्रेषण आदेश जारी गरी सडक विस्तारसम्बन्धी निर्णय तत्काल कार्यान्वयन नगर्न निर्देशन दिएको थियो ।

बहसका क्रममा अदालतले यो मुद्दा केवल एक स्थान विशेषको सडक विस्तारमा सीमित नभई यसअघि देशका विभिन्न स्थानमा भएका यस्तै प्रकृतिका मुद्दासँग पनि सम्बन्धित हुन सक्ने ठहर गरेको देखिन्छ । यही कारणले सर्वोच्च अदालतले विगतमा भएका समान प्रकृतिका फैसला, आदेश तथा अहिले विचाराधीन मुद्दाहरूको मिसिल झिकाएर अध्ययन गर्न आदेश दिएको हो । यसले अदालतले दीर्घकालीन प्रभाव पार्ने कानुनी व्याख्या गर्न खोजेको संकेत गरेको कानुन व्यवसायीहरूको भनाइ छ ।

सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी र न्यायाधीश महेश शर्मा पौडेलको संयुक्त इजलासले उक्त आदेश जारी गर्दै यस मुद्दाको अर्को सुनुवाइका लागि आगामी पुस २ गते पेसी तोकेको छ । अदालतको आदेशअनुसार आगामी पेसीमा झिकाइएका मिसिलहरूको अध्ययन गर्दै सडक विस्तारसम्बन्धी कानुनी आधार, नागरिकको अधिकार, सार्वजनिक हित र राज्यको दायित्वका विषयमा विस्तृत छलफल हुने अपेक्षा गरिएको छ ।

कंसकारसहित ६ जनाले डिभिजन सडक कार्यालय हेटौँडा, मकवानपुरसहित सम्बन्धित सरकारी निकायलाई विपक्षी बनाएर दायर गरेको रिटमा हेटौँडा बजार क्षेत्रमा सडक विस्तारका नाममा निजी घर, पसल तथा संरचना हटाउने प्रक्रिया अव्यवस्थित, असंवेदनशील र कानुनी मापदण्डविपरीत रहेको उल्लेख गरिएको छ । रिटमा स्थानीयवासीको जीविकोपार्जन, आवासको अधिकार र वैकल्पिक व्यवस्थाको अभावका विषयलाई मुख्य आधार बनाइएको छ ।

यसैबीच, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत रहेको सडक विभाग र आयोजना निर्देशनालय एडीबीले पूर्व-पश्चिम महेन्द्र राजमार्गका विभिन्न महत्वपूर्ण खण्डहरूको स्तरोन्नति तथा विस्तार कार्यलाई तीव्र गतिमा अघि बढाउने घोषणा गरेको छ । सडक विभागको आयोजना निर्देशनालय एडीबीले सार्वजनिक सूचना जारी गर्दै एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालन भइरहेका तथा सञ्चालनमा जान लागेका सडक आयोजनाहरूको विस्तृत विवरण सार्वजनिक गरेको हो । यस सूचनासँगै महेन्द्र राजमार्गलाई आधुनिक, सुरक्षित र दीर्घकालीन बनाउने सरकारको योजनाले मूर्त रूप लिन थालेको हो ।

आयोजना निर्देशनालयका अनुसार महेन्द्र राजमार्गअन्तर्गत पर्ने हेटौँडा-नारायणगढ सडक खण्डमा व्यापक स्तरोन्नति र विस्तार कार्य गरिनेछ । यो सडक खण्डलाई देशकै व्यस्त र रणनीतिक मार्गका रूपमा लिइँदै आएको छ । विशेष गरी गोन्द्राङ्ग-टिकौली जंगल क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर करिब दुई किलोमिटर लामो फ्लाइओभर निर्माण गर्ने योजना अघि सारिएको छ । जंगल क्षेत्रभित्र वन्यजन्तु आवागमन, सवारी साधनको चाप र दुर्घटनाको जोखिमलाई ध्यानमा राख्दै फ्लाइओभर निर्माण गर्न लागिएको हो, जसले दीर्घकालीन रूपमा वातावरणीय सन्तुलन र यातायात व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सूचनाअनुसार गोन्द्राङ-टिकौली जंगल क्षेत्रमा दुई किलोमिटरको फ्लाइओभरसहित राप्ती नदी पुलसम्मको खण्डलाई खुला तथा जंगल क्षेत्रमा चार लेनको सडक विस्तार गरिनेछ । यसले हेटौँडा-नारायणगढ सडक खण्डमा देखिँदै आएको सवारी जाम, दुर्घटना र ढिलासुस्तीको समस्या न्यूनीकरण हुने विश्वास लिइएको छ । साथै यस सडक खण्डलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको आधुनिक राजमार्गको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ ।

सडक विस्तारको क्रममा बस्ती तथा बसोबास क्षेत्रलाई विशेष ध्यानमा राख्दै चार लेनको मुख्य सडकसँगै दायाँ-बायाँ एक-एक लेनको सर्भिस लेन निर्माण गरिनेछ । शहरी क्षेत्रमा भने चार लेनको मुख्य सडकसँगै थप दुई-दुई लेनको सर्भिस लेन बनाइनेछ । यसका साथै सडक किनारमा व्यवस्थित ड्रेन, फुटपाथ, पैदलयात्रीका लागि आकाशे पुल तथा सवारी साधन वारपार गर्न मिल्ने अन्डरपास तथा पुलहरू निर्माण गरिने सूचनामा उल्लेख गरिएको छ । यसले सवारी साधन र पैदलयात्रीबीचको द्वन्द्व घटाउँदै सडक सुरक्षालाई मजबुत बनाउने अपेक्षा गरिएको छ ।

आयोजना निर्देशनालयले सडक विस्तार तथा स्तरोन्नतिको कार्य सुरु भइसकेको जानकारी दिँदै सडकको तोकिएको सीमाभित्र घर, टहरा वा अन्य कुनै पनि स्थायी तथा अस्थायी संरचना निर्माण नगर्न सर्वसाधारणलाई अनुरोध गरेको छ । भविष्यमा हुने क्षति र कानुनी झन्झटबाट बच्नका लागि सबैले सहयोग गर्नुपर्ने उल्लेख गरिएको छ । यसअघि नै निर्माण भएका संरचनाका कारण आयोजना कार्यान्वयनमा समस्या आउन सक्ने भन्दै समयमै सचेत हुन आग्रह गरिएको हो ।

सहज र प्रभावकारी निर्माण कार्यका लागि सडक क्षेत्रमा पर्ने विद्युत् पोल, ढल, खानेपानीका पाइपलाइन तथा अन्य सार्वजनिक संरचनाहरू समयमै स्थानान्तरण गर्न सम्बन्धित निकायहरूलाई आग्रह गरिएको छ । साथै आयोजनाको अवधिभर सडक क्षेत्रमा थप कुनै पनि नयाँ संरचना नबनाउन र अनधिकृत गतिविधि नगर्न निर्देशनालयले स्पष्ट अनुरोध गरेको छ । यस प्रकारको समन्वय र सहकार्यबाट मात्र आयोजनालाई निर्धारित समयसीमा र गुणस्तरभित्र सम्पन्न गर्न सकिने आयोजनाको विश्वास छ ।

## *दलको विकल्प दल*

*गर्दा पुरानो वा नयाँ भन्ने लेबलभन्दा पनि त्यसको दर्शन, नीति-कार्यक्रम, नेतृत्वको क्षमता र कार्यशैली निर्णायक हुन्छ । विश्व राजनीतिक इतिहास हेर्दा पनि केवल नयाँ भएकै कारण सफल भएका दलहरू विरलै भेटिन्छन् । नेल्सन मन्डेलाको एएनसी होस् वा भारतको कांग्रेस, चिनियाँ कम्युनिस्ट पार्टी होस् वा जर्मनीको सीडीयू । यी सबै दलहरूले समयसँगै आफूलाई परिमार्जन गर्दै जनविश्वास कायम गरेका हुन् । नेपालमा पनि यही सिद्धान्त लागू हुन्छ ।*

*पछिल्लो विशेष परिस्थितिपछि देशभर देखिएका व्यापक राजनीतिक गतिविधि, जनप्रदर्शन र महाधिवेशनका दृश्यहरूले यो यथार्थलाई अझ स्पष्ट बनाएका छन् । विभिन्न दलका कार्यक्रम भए तापनि जनसहभागिताको दृष्टिले हेर्दा नेकपा एमाले बाहेक अन्य दलहरूले त्यस्तो व्यापक उत्साह र जनआकर्षण देखाउन नसकेको तथ्यलाई नजरअन्दाज गर्न सकिँदैन । लाखौँ जनताको सहभागितामा सम्पन्न महाधिवेशन केवल एउटा औपचारिक कार्यक्रम थिएन, त्यो जनमतको संकेत पनि थियो । 'भीड नै सत्य होइन' भन्ने तर्क गर्न सकिएला, तर निरन्तर रूपमा देखिएको जनउपस्थिति र संगठनात्मक सशक्तताले कुनै दलको सामाजिक जरा कति गहिरो छ भन्ने संकेत अवश्य दिन्छ ।*

*महाधिवेशनबाट आएको निष्कर्ष र जनसहभागिताको उत्साहले नेकपा एमाले एउटा अब्बल शक्ति भएको तथ्यलाई पुनः पुष्टि गरेको छ । आलोचना, विरोध र प्रतिस्पर्धा राजनीतिका अनिवार्य पाटा हुन् । तर विकल्प खोज्दा भावनामा होइन, व्यवहारमा देखिएको क्षमता र इतिहासको मूल्यांकन गर्नुपर्ने हुन्छ । नयाँ दल र स्वतन्त्र प्रयासहरूले राजनीतिको बहसलाई ताजा बनाएका छन्, प्रश्न उठाएका छन्, सुधारको दबाब सिर्जना गरेका छन् । यो सकारात्मक पक्ष हो । तर शासन सञ्चालन, राष्ट्रिय संकट सामना र दीर्घकालीन विकासको यात्रामा संगठित, अनुभवी र जनाधार भएको दलको आवश्यकता झनै स्पष्ट हुँदै गएको छ ।*

*अन्ततः नेपालको राजनीतिले एउटा महत्वपूर्ण पाठ सिक्दैछ–दलविहीन लोकतन्त्रको कल्पना आकर्षक सुनिए पनि व्यवहारमा सम्भव देखिँदैन । स्वतन्त्रताको प्रयोगले पनि यही कुरा प्रमाणित गरिसकेको छ । त्यसैले आजको आवश्यकता दललाई अस्वीकार गर्नु होइन, दललाई सुधार गर्नु हो । नयाँपन नारामा होइन, व्यवहारमा देखिनुपर्छ । र त्यो व्यवहारको परीक्षा समय, जनसमर्थन र जिम्मेवारीले गर्छ । यही परीक्षामा कुन दल खरो उत्रिन्छ भन्ने निर्णय अन्ततः जनताले नै गर्नेछन् ।*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
म.जि.प्र.का.द.नं. २०/०५५/०५६
जि.हु.का.द.नं. ०१/०८२/०८३
२०८२ मंसिर २८ गते आइतबार
(14th Dec., Sunday 2025)

# गाँजा तस्करीमाथि विशेष निगरानी

मध्यस्थता

मकवानपुरको भीमफेदी गाउँपालिका अन्तर्गत पर्ने कालिटार र नामटार क्षेत्रलाई केन्द्र बनाएर लामो समयदेखि लुकिछिपी लागू औषध गाँजाको ओसार-पसार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा गरिएको विशेष प्रहरी निगरानीबाट ठूलो परिमाणमा गाँजा बरामद भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको सक्रियतामा गरिएको यस कारबाहीका क्रममा ४७० किलो



गाँजासहित एक बोलेरो पिकअप गाडी नियन्त्रणमा लिइएको हो । यद्यपि गाडीका चालक प्रहरीलाई छल्दै फरार भएपछि प्रहरीले खोजी कार्य तीव्र पारेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार नामटार क्षेत्रबाट भैसेतर्फ आउँदै गरेको बा १७ च ४२ नम्बरको बोलेरो पिकअप गाडीलाई प्रहरी टोलीले शंकाको आधारमा रोक्न संकेत गरेको थियो । तर प्रहरीले दिएको संकेतलाई बेवास्ता गर्दै गाडी तीव्र गतिमा भागेपछि विशेष प्रहरी टोलीले तत्काल पछ्याउने कार्य सुरू गरेको थियो । ग्रामीण र भित्री सडक प्रयोग गर्दै फरार हुन खोजिएको उक्त गाडीलाई नियन्त्रणमा लिन प्रहरीले केही समयसम्म निगरानी र पछ्याउने कार्य जारी राखेको थियो ।

पछ्याउने क्रममा भीमफेदी गाउँपालिका-३ अन्तर्गत पान्द्राङ स्थित ढुङ्गाखानी जाने भित्री सडकमा पुगेपछि चालकले गाडी सडक किनारमा रोक्दै गाडी लक गरेर फरार भएको प्रहरीको भनाइ छ । चालक फरार भएपछि प्रहरीले गाडीको सुरक्षा सुनिश्चित गर्दै विस्तृत चेकजाँच गरेको थियो । चेकजाँचका क्रममा गाडीको पछाडिको ढालामा १७ वटा बोरामा राखिएको अवस्थामा रातो प्लास्टिकले बेरिएका ५० वटा पोकामा ४७० किलो गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बरामद गरिएको गाँजा र बोलेरो पिकअप गाडीलाई प्रहरीले नियन्त्रणमा लिई लागू औषध सम्बन्धी कसुरमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाएको छ । यस घटनालाई संगठित रूपमा गरिएको लागू औषध ओसार-पसारको रूपमा लिएर अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ । प्रहरीले फरार रहेका गाडी चालकको पहिचान खुलाउने प्रयाससँगै सवारीधनी र यस कारोबारमा संलग्न अन्य व्यक्ति तथा सञ्जालको खोजी कार्य पनि तीव्र बनाएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक राजु प्रसाद कुर्मीका अनुसार भीमफेदी, कालिटार र नामटार क्षेत्रलाई प्रयोग गरी लागू औषधको ओसार-पसार हुने सूचनाका आधारमा केही समयदेखि प्रहरीको निगरानी कडा बनाइएको थियो । सोही निगरानीकै परिणाम स्वरूप यति ठूलो परिमाणमा गाँजा बरामद गर्न सफल भएको उनले बताए । उनका अनुसार अवैध लागू औषध कारोबारमा संलग्न समूहलाई नियन्त्रणमा लिन प्रहरी प्रशासनले थप रणनीति अपनाउँदै क्षेत्रगत निगरानी र चेकजाँच अझ कडा बनाएको छ ।

प्रहरीका अनुसार मकवानपुरको भौगोलिक अवस्थाका कारण केही भित्री र दुर्गम बाटोहरू लागू औषध ओसार-पसारका लागि प्रयोग हुने गरेको पाइएकाले आगामी दिनमा यस्ता क्षेत्रमा विशेष अपरेसन सञ्चालन गरिनेछ । लागू औषधको अवैध कारोबारले समाजमा गम्भीर असर पार्ने भएकाले यसविरूद्ध शून्य सहनशीलताको नीति अपनाइएको प्रहरीको स्पष्ट भनाइ छ ।

# क्यान्सरविरुद्ध साझा प्रतिबद्धता

मध्यस्थता



नेपाल अर्बुद (क्यान्सर) रोग निवारण संस्था मकवानपुर शाखाको २३ औँ वार्षिक साधारण सभा शनिबार हेटौँडामा भएको छ ।

शाखाका सभापति माधव अधिकारीको अध्यक्षतामा तथा संस्थाका केन्द्रीय उपमहासचिव प्रकाश खतिवडाको प्रमुख आतिथ्यतामा साधारण सभा भएको हो । सभामा संस्थाको विगत एक वर्षको गतिविधि, उपलब्धि, चुनौती र भावी कार्यदिशामाथि छलफल गरिएको थियो । क्यान्सरजस्तो जटिल र संवेदनशील रोगको रोकथाम, उपचार तथा सचेतनामा संस्थाले खेलेको भूमिकालाई अझ प्रभावकारी बनाउने विषय सभाको केन्द्रमा रहेको थियो ।

साधारण सभामा संस्थाका सचिव जयप्रकाश घिमिरेले वार्षिक कार्यप्रगति प्रतिवेदन प्रस्तुत गर्दै वर्षभरि सञ्चालन गरिएका सचेतना कार्यक्रम, स्वास्थ्य क्याम्प, समन्वयात्मक गतिविधि र सामाजिक पहुँच विस्तारका प्रयासबारे जानकारी गराए । कोषाध्यक्ष लक्ष्मण महतले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै आय-व्ययको अवस्था, स्रोत व्यवस्थापन र आर्थिक अनुशासनका पक्ष स्पष्ट पारे । प्रतिवेदन प्रस्तुत गर्ने क्रममा संस्थाले सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राख्दै काम गरिरहेको उल्लेख गरिएको थियो । सभामा सहभागी सदस्यहरूबीच दुवै प्रतिवेदनमाथि गहन छलफल भएपछि आवश्यक संशोधनसहित साधारण सभाले सर्वसम्मत रूपमा प्रतिवेदन पारित गरेको थियो ।

सभामा प्रमुख अतिथि केन्द्रीय उपमहासचिव प्रकाश खतिवडाले क्यान्सरजस्तो जीवनसँग प्रत्यक्ष जोडिएको रोगविरूद्ध एउटै उद्देश्यका साथ जुट्न पाउनु गर्वको विषय भएको बताए । उनले क्यान्सर केवल स्वास्थ्यसम्बन्धी चुनौती मात्र नभई चेतनाको अभाव, समयमै पहिचान नहुनु, आर्थिक तथा सामाजिक असमानता र अस्वस्थ जीवनशैलीको प्रतिफलसमेत भएको उल्लेख गरे । क्यान्सर नियन्त्रणका लागि उपचारसँगै रोकथाम, प्रारम्भिक परीक्षण र व्यापक जनचेतना अत्यावश्यक रहेको भन्दै उनले संस्थाले समुदायस्तरमा खेलेको भूमिकाको प्रशंसा गरे ।

सभामा बागमती प्रदेश संयोजक गणेश कोइरालाले पाठेघरको मुखको क्यान्सरविरूद्ध किशोरीलाई लक्षित गरी सञ्चालन गरिएको एचपीभी खोप कार्यक्रम बागमती प्रदेशमा सफलतापूर्वक सम्पन्न भएको जानकारी गराए । उनले स्वास्थ्य निर्देशनालय, स्थानीय तह र सरोकारवाला निकायहरूसँगको प्रभावकारी समन्वय र सहकार्यका कारण उक्त कार्यक्रम सफल भएको बताए । सामाजिक संस्थाबीच सहकार्य बिना क्यान्सरजस्तो गम्भीर समस्यासँग जुध्न कठिन हुने भएकाले आगामी दिनमा पनि साझा प्रयास आवश्यक रहेको उनको भनाइ थियो ।

संस्थाका पूर्व सभापति विजय कुमार बैध र कपिला जाशीले ग्रामीण क्षेत्र र बालबालिकालाई लक्षित गर्दै धुम्रपान, विषादीको प्रयोग, अस्वस्थ खानपान र क्यान्सरका जोखिम कारक तत्वबारे जनचेतनामूलक कार्यक्रमहरू अझ सशक्त रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याए । उनीहरूले क्यान्सर रोकथामका लागि विभिन्न सामाजिक संस्था, विद्यालय, स्थानीय निकाय र स्वास्थ्य संस्थासँग समन्वय गर्दै अभियानलाई व्यापक बनाउने सुझाव दिए ।

उद्योग संघका अध्यक्ष तथा मकवानपुर क्याम्पसका पूर्व क्याम्पस चिफ बद्रिनाथ शर्माले क्यान्सर रोकथाम र उपचारको क्षेत्रमा सरकारले लगानी बढाउनुपर्नेमा जोड दिए । उनले अहिलेको जीवनशैली, खानपान र वातावरणीय अवस्थाले क्यान्सरको जोखिम बढ्दै गएको उल्लेख गर्दै नागरिकले आहार-विहारमा विशेष ध्यान दिनुपर्ने अवस्था आएको बताए । क्यान्सर नियन्त्रण अब स्वास्थ्य क्षेत्रको मात्र नभई समाजका सबै वर्गको साझा चिन्ता र चासोको विषय बन्नुपर्ने उनको धारणा थियो ।

## सातको तस्बिर




**वन संरक्षणका लागि सपथः** बसामाडी सामुदायिक वन उपभोक्ता समूह, हेटौँडा ३, बसामाडीका नव-निर्वाचित कार्यसमिति शपथ खाँदै । समूहको ३२ औँ वार्षिक साधारणसभा तथा अधिवेशनबाट निर्वाचित कार्यसमितिले वन जोगाउने संकल्पसहित सपथ खाएको हो । समूहमा आभाष बर्तौला अध्यक्ष कमला सिलवाल उपाध्यक्ष, अञ्जु राई सचिव, विवेक गौतम सहसचिव विवेक गौतम, भवानी प्रसाद गौतम कोषाध्यक्ष चयन भए । तस्बिरः सन्दीप कुमार सापकोटा

# मन्त्री देवकोटाको नतिजामुखी पूर्वाधार अभियान

मध्यस्थता



बागमती प्रदेश सरकारले भौतिक पूर्वाधार विकासको क्षेत्रमा विगतदेखि चल्दै आएको परम्परागत, ढिलासुस्तीपूर्ण र नतिजा नदेखिने शैलीलाई तोड्दै उत्पादन, आर्थिक गतिविधि र प्रत्यक्ष लाभसँग जोडिने नयाँ अवधारणासहित काम अघि बढाएको छ ।

प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै पूर्वाधार क्षेत्रमै 'नयाँ माइलस्टोन' स्थापना गर्ने लक्ष्यका साथ नीतिगत, संरचनागत र कार्यान्वयन तहमा ठोस परिवर्तनको सुरूआत गरिएको बताइए । उनका अनुसार मन्त्रालयले पाँच वटा मुख्य प्राथमिक क्षेत्र निर्धारण गर्दै योजनाबद्ध र नतिजामुखी ढंगले काम अघि बढाइरहेको छ ।

प्रदेशमा वर्षौंदेखि देखिँदै आएको योजना अलपत्र पर्ने प्रवृत्ति अन्त्य गर्न मन्त्रालयले कडा नीति अवलम्बन गरेको छ । मन्त्री डा. देवकोटाका अनुसार अब मंसिर महिनाभित्रै बहुवर्षीय ठेक्का लगाउने र योजना सुरू हुनुअघि नै पूर्ण स्रोत सुनिश्चित गर्ने व्यवस्था मिलाइँदैछ । विगतमा योजना सुरू त गरिने तर बीचमै बजेट अभावका कारण पुल, सडक र भवन अधुरा रहने अवस्था दोहोरिँदै आएको उल्लेख गर्दै उनले अब डीपीआर, वातावरणीय अध्ययन र आईई पास भएका योजनामा सुरूदेखि नै आवश्यक सम्पूर्ण बजेट सुनिश्चित भएपछि मात्र काम सुरू गरिने स्पष्ट गरे । ठूला भवन निर्माणका आयोजनामा समेत यही प्याकेज प्रणाली लागू गरिने बताउँदै उनले विकासको नाममा अधुरा संरचना छाड्ने प्रवृत्तिलाई पूर्ण रूपमा अन्त्य गर्ने दृढता व्यक्त गरे ।

सडक सञ्जाललाई केवल आवागमनको साधनमा सीमित नराखी आर्थिक उपार्जन र उत्पादनसँग जोड्ने मन्त्रालयको अर्को महत्वपूर्ण योजना रहेको छ । मन्त्री डा. देवकोटाले सडक बने पनि त्यसको प्रत्यक्ष फाइदा ग्रामीण अर्थतन्त्रले लिन नसकेको यथार्थ औँल्याउँदै अब 'सडक र उत्पादन'लाई सँगै जोड्ने कार्यक्रम लागू गर्न लागिएको बताए । उनले सडक विस्तारपछि गाउँमा बाहिरका उपभोग्य वस्तु मात्रै भित्रिने तर गाउँबाट उत्पादन सहरसम्म नपुग्ने अवस्थालाई उदाहरण दिँदै अब कृषि, उद्योग र पर्यटन जस्ता क्षेत्रसँग समन्वय गरेर सडकलाई आम्दानीको माध्यम बनाइने धारणा राखे ।

प्रदेशका १३ वटै जिल्लामा कम्तीमा एउटा सडकलाई 'प्रादेशिक गौरवको आयोजना'का रूपमा विकास गर्ने योजना पनि मन्त्रालयले अघि सारेको छ । यस अन्तर्गत रणनीतिक महत्व बोकेका सडकलाई प्राथमिकतामा राखी आवश्यक अध्ययन, स्रोत सुनिश्चितता र चरणबद्ध निर्माणको तयारी भइरहेको मन्त्री डा. देवकोटाले जानकारी दिए । रूबी भ्याली, पाँचपोखरी जस्ता भौगोलिक तथा आर्थिक दृष्टिले महत्वपूर्ण सडकहरूलाई नमुना आयोजनाका रूपमा विकास गरेर अन्य क्षेत्रमा पनि त्यसको प्रभाव विस्तार गर्ने लक्ष्य लिइएको छ ।

प्रदेशभित्र मानव विकास सूचकांकमा पछाडि परेका पालिकाहरूलाई विशेष प्राथमिकता दिने नीति पनि अघि सारिएको छ । मन्त्री डा. देवकोटाका अनुसार ११९ वटा पालिकामध्ये सबैभन्दा कमजोर सूचकाङ्क भएका सिन्धुलीको घ्याङलेख, धादिङको रूबी भ्याली र सिन्धुपाल्चोकको पाँचपोखरीलाई केन्द्रमा राखेर लक्षित योजना तयार पारिएको छ । यी पालिकामा विस्तृत परियोजना प्रतिवेदन तयार गरी आवश्यक बजेट सुनिश्चित गर्दै पूर्वाधार विकाससँगै समग्र मानव विकासमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिने उनले बताए ।

जलवायु परिवर्तनका कारण हिउँदमा बनेका सडक बर्खामा बग्ने, पहिरोले पुल र बाटो क्षति पुर्‍याउने समस्यालाई समाधान गर्न मन्त्रालयले जलवायु अनुकूलित पूर्वाधारको अवधारणालाई अघि बढाएको छ । इकोसिस्टम बेस्ड एडप्टेसन र बायो-इन्जिनियरिङ प्रविधिको प्रयोगमार्फत दिगो संरचना निर्माण गर्ने उद्देश्यले पुल्चोक क्याम्पससँग सहकार्य गर्दै प्राविधिक समाधान खोजिएको मन्त्री डा. देवकोटाको भनाइ छ । अब निर्माण हुने सडक, पुल र अन्य संरचनाहरू जलवायु परिवर्तनलाई ध्यानमा राखेर डिजाइन र कार्यान्वयन गरिने गरी नयाँ निर्देशिका तयार गरिँदैछ ।

पछिल्लो समय भएका विभिन्न आन्दोलन र अन्य कारणले क्षति पुगेका प्रदेश सरकारका भौतिक संरचनाको विवरण संकलन गरी पुनर्निर्माण प्रक्रिया अघि बढिसकेको पनि मन्त्रालयले जनाएको छ । क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि टेन्डर प्रक्रिया सुरू भइसकेको र यसलाई छिटो सम्पन्न गर्ने लक्ष्य रहेको मन्त्री डा. देवकोटाले जानकारी दिए । यससँगै १० वटा बस्ती छनोट गरी तीन वर्षे एकीकृत बस्ती विकास कार्यक्रम लागू गर्ने, दक्षिणकाली नगरपालिकालाई केन्द्रित गरी फोहोरमैला व्यवस्थापनको दीर्घकालीन योजना अघि बढाउने र हेटौँडा उपमहानगरपालिकासँग सहकार्य गर्दै व्यवस्थित ल्यान्ड पुलिङ अर्थात् जग्गा एकीकरण आयोजना सञ्चालन गर्ने तयारी पनि मन्त्रालयले गरेको छ ।

■ प्रकाशकः मध्यस्थता मिडिया प्रा.लि. ■ कार्यालयः हेटौंडा-५, मकवानपुर, फोनः ०५७-५२३८००, मो. ९८५५०१२००० ■ इमेलः madhyasthata@gmail.com ■ मुद्रणः श्रीया अफसेट प्रेस, हेटौंडा-५ ■ सम्पादकः शिवप्रसाद चौलागाईं